# परिच्छेद : एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र एक भू-परिवेष्ठित, आयताकार, विविध भौगोलिक बनावट भएको, १,४७,१८१ वर्ग कि.मी क्षेत्रफल भित्र फैलिएको, भारत र चीनको बीचमा अवस्थित राष्ट्र हो । विश्वको क्षेत्रफलको हिसाबले ०.०३% भू-भाग ओगटेको, ८५% भन्दा बढी क्षेत्र पहाड र हिमालले ढाकेको भौगोलिक दृष्टिले विकट रहेको देश पनि हो । यो देश बहुजातिय, बहुभाषिक, बहुधार्मिक तथा धर्म निरपेक्षको रूपमा चिनिन्छ । अन्य राष्ट्र झैं यस देशको पनि राजनैतिक, धार्मिक, आर्थिक र शैक्षिक इतिहास आफ्नै प्रकारको रहेको छ । यस देशमा विभिन्न कालमा विभिन्न व्यक्तिद्वारा सञ्चालन गरेको राज्य प्रणाली र उनीहरूको शैक्षिक चिन्तनद्वारा नै शैक्षिक विकास भएको पाइन्छ । यो देशमा राज्य संचालनका कालहरू ( प्राचीन, लिच्छवि, मल्ल) ले शैक्षिक विकासको क्षेत्रमा खासै महत्त्व राख्दैन, केवल धर्म, कला, र संस्कृतिलाई जोड दिएको पाइन्छ । त्यसपश्चात शाहकाल अर्थात (शैक्षिक उपेक्षा काल), राणा काल अर्थात (विरोध काल) पूरा गर्दै प्रजातन्त्रको उदय वि.सं. २००७ सालमा भयो (शर्मा, २०६३) ।

२००७ सालसम्ममा नेपालमा २ वटा कलेज, १३ वटा माध्यमिक विद्यालय र ३२१ वटा प्राथमिक विद्यालय खोलिएको पाइन्छ जो अत्यन्तै न्यून विकास हो भन्न सकिन्छ । वि.सं. २०१० सम्ममा शिक्षकको संख्या १,२८० जना थिए प्रति शिक्षकको वार्षिक तलब भत्ता रू ४८० का दरले एक वर्षमा ६ लाख १४ हजार रूपैया विनियोजन भएको तथ्य पाइन्छ । प्राथमिक तहमा त्यसताका जम्मा विद्यार्थी संख्या २६,२०० थिए । साथै वि.सं. २०१० को समयमा सरकारी लगानी प्रति विद्यार्थी रू २३।- भएको पाइन्थ्यो । त्यसैगरी १,००० विद्यार्थी संख्या भएको स्थानमा एक प्राथमिक विद्यालय हुनुपर्ने र गरिब अशिक्षित तर होनहार विद्यार्थीलाई सरकारले खान र बस्न व्यवस्था गर्नुपर्ने पनि प्रतिवेदनमा उल्लेख भएको पाइन्छ । त्यसै प्रतिवेदनमा प्राथमिक तहको शिक्षकको तलब भत्ता सम्पूर्ण सरकारले व्यहोर्नु पर्ने समेत उल्लेख छ (शर्मा, २०६२) ।

वि.सं २०१७ साल पछि प्रजातन्त्रको निलम्बन गरी सुधारिएको पञ्चायती व्यवस्थाको प्रादुर्भावसँगै सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको स्थापना वि.सं. २०१८ सालमा गरियो । त्यस समितिले पनि प्राथमिक शिक्षालाई निःशुल्क गर्नु पर्नेछ भनिएता पनि त्यसो गर्न विविध कठिनाई परेकोले प्राथमिक तहमा अवस्था बुझिकन ने.रू. ३।- भन्दा नबढाई शिक्षा निरीक्षकको कार्यालयको स्वीकृति लिई शुल्क निर्धारण गर्न सकिने कुरा उल्लेख गरिएको छ । साथै विद्यार्थीबाट शुल्क उठाउने र बरबुझारथ गर्ने प्रक्रिया समेत किटान गरिएको पाइन्छ, (शर्मा, २०६२) ।

शिक्षा क्षेत्रमा रहेका अनेकौं विकृति र कमजोरीहरू विद्यामान रहेको कारण वि.सं. २०२७ साल पूर्वका ती विविध उल्लेखित खराबीलाई हटाउन विशेष जोडका साथ राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ घोषणा गरी लागू गर्ने प्रतिबद्धता जारी गरियो । यस योजनाले हालसम्मका प्रयासहरूमध्ये कोसेढुङ्गाको रूपमा परिवर्तन गरेको पाइन्छ । यसले देशभर एकल शैक्षिक प्रणाली स्थापना गर्ने गुणस्तरीय शिक्षा दिने, व्यवसायिक र सीपमूलक शिक्षा दिने, शैक्षिक प्रशासनको संगठनको संरचना परिवर्तन गर्ने, शैक्षिक संगठनमा सुधार गर्ने, शिक्षण विधि र शिक्षण प्रक्रिया सामग्रीको विकासमा योगदान गर्ने जस्ता अनेकौं प्रयास गरिएको पाइन्छ । प्राथमिक तह कक्षा (१-३) लाई संरचित गरिएको हुनाले यो तह संचालन गर्न जिल्ला शिक्षा समिति अन्तर्गत कोष खडा गरी खर्च गर्नुपर्ने विधि तय गरेको पाइन्छ । यस कोषमा सरकारी अनुदान शिक्षाकर, शुल्क, चन्दा, स्थायी सम्पत्ति विक्री , दानदातव्य हुन सक्ने कुरा उल्लेख छ । यो कोषको रकम खर्च गर्दा शैक्षिक कार्यक्रम, विद्यार्थी संख्या र अतिरिक्त कार्यक्रमको आधारमा अनुदान प्रदान गर्न सकिने आधार तोकिएको छ (शर्मा, २०६२) ।

सन् १९९० मा थाइलैण्डको जोम्टीनमा सम्पन्न शिक्षा मन्त्रीहरूको सम्मेलनले “सबैका लागि शिक्षा” भन्ने महत्त्वपूर्ण अवधारणा घोषणा गरी प्रतिबद्ध बन्न आह्वान गऱ्यो, यद्यपि सन् २००० सम्ममा त्यो कार्यप्रति जवाफदेही नदेखिएकाले सोही प्रतिबद्धतालाई पुनः पूरा गराउने उद्देश्य बोकी आसन्न ११८ राष्ट्रले सेनेगलको डकारमा “सबैका लागि शिक्षा” भन्ने उद्घोषको दूर दृष्टि, लक्ष्य, उद्देश्य र रणनीति तथा कार्यन्वयन पारे सामूहिक प्रतिबद्धता जनाएस्वरूप सन् २०१५ सम्ममा सम्पूर्ण देशले साक्षरता हटाउनु पर्ने कुरालाई कडाइका साथ पालना गर्नु पर्ने आधार तय गरिएको छ । वास्तवमा सन् २००० सम्ममा ११ करोड ३० लाख बालबालिका निरक्षर रहनु तथा ८८ करोड वयस्क निरक्षर रहनुले यी व्यक्ति पढ्न नसक्ने अनेकौं कारणमध्ये आर्थिक स्थिति नै महत्त्वपूर्ण तत्त्वको रूपमा लिनुपर्ने

हुन्छ । त्यस सम्मेलनले ६ वटा बुँदामा प्रतिबद्धता जाहेर गरेतापनि नेपालले १ वटा बुँदा थप गरी ७ वटा बुँदालाई कार्यान्वयनमा ल्याएको छ (शर्मा, २०६५) ।

वि.सं. २०६५ आषाढ मसान्तसम्ममा प्राथमिक विद्यालयको संख्या २७ हजार ९ सय १ वटा पनि विद्यार्थीको पहुँचमा प्राथमिक शिक्षाको सुविधा प्रदान गर्न सकिएको छैन । प्राथमिक विद्यालयमा १०% विद्यार्थी अझै भर्ना हुन नसक्नु पछाडि आर्थिक तत्त्व नै कारक हो भन्दा अत्युक्ती हुँदैन । सरकारले प्राथमिक विद्यालयहरूलाई मात्र शिक्षकको तलब भत्ता मात्र प्रदान गरिरहेको र मसलन्द पनि न्यून मात्रामा निकाशा गरिरहेको परिवेशमा प्राथमिक विद्यालय व्यवस्थित बन्ने कुरा कल्पना मात्र हो कि जस्तो लाग्छ । विद्यालयको भौतिक व्यवस्थापन जस्तै खानेपानी, शौचालय, भवन घेरावार, सजावट, शैक्षिक सामग्री कुन स्रोतबाट तय गर्ने भन्ने कुरा पछाडि रहेका छन् (आर्थिक सर्भेक्षण, २०६५) ।

प्राथमिक शिक्षाको गुणस्तर न्यून छ । यो शिक्षा लिने व्यक्ति स्वनिर्भर तथा स्वावलम्बी बन्न सकिएको छैन, यस तहलाई उठाउन समाज सक्रिय रहनु पर्ने र स्थानीय स्तरमा साधान स्रोतलाई परिचालन गरी विद्यालयको गुणस्तर सुधार्नुपर्ने टड्कारो अवस्था छ । हालको तथ्याङ्क अनुसार प्राथमिक तहमा औषत शिक्षक विद्यार्थी अनुपात ४८ जना र विद्यालय (प्राथमिक) र विद्यार्थी अनुपात १६२ जना र तालिम प्राप्त शिक्षकको प्रतिशत ७९% रहेको छ । प्रति सयकडा उमेर पुगेका प्राथमिक विद्यार्थी संख्यामा ९०% मात्र भर्ना हुन आएको तथ्याङ्क छ । यसको अर्थ १०% बालक अझै विद्यालय बाट बाहिर छन् भन्ने नै हो ( आर्थिक सर्भेक्षण, २०६५) ।

आर्थिक वर्ष २०६३/०६४ मा शिक्षामा २२ अर्ब बजेट विनियोजन गरिएको थियो । ०६४/०६५ मा त्यसलाई २८ अर्व तिर २०६५ /०६६ को वर्ष कूल बजेट २ खर्ब ३६ अर्ब १ करोड ५८ लाख ९७ हजार कूल बजेटबाट शिक्षा क्षेत्रलाई विनियोजन भएको रकमको प्रतिशत १६।५२% अर्थात ३८ अर्ब ९८ करोड रूपैया विनियोजन भएको पाइन्छ । यो रकम ०६४/०६५ को प्रतिशत भन्दा केही न्यून छ । तर गत वर्षको रकम भन्दा अंकमा ४४.५% ले वृद्धि गरेको पाइन्छ । चालू आर्थिक वर्ष २०६५/०६६ देखि कक्षा (८) सम्म निःशुल्क शिक्षा प्रदान गर्ने र २ वर्ष भित्रमा निरक्षरता उन्मूलन गर्ने उद्घोषअनुसार कक्षा-८ सम्म निःशुल्क गर्ने कार्य सुरू भएको छ । प्राथमिक तहमा ५५% शिक्षाको बजेट विनियोजन हुने गर्दछ । प्राथमिक तहको शिक्षाको साधारण खर्च मात्र पुगिरहेको यो बजेटले शैक्षिक गुणस्तर वृद्धि तथा थप व्यवस्थापन गर्दै लान कठिन परेको कुरा नकार्न मिल्दैन (शैक्षिक समाचार अंक ३, २०६५) ।

प्राथमिक तहको शिक्षालाई पनि समुदायमा हस्तान्तरण गरी व्यवस्थापन कार्य समेत जिम्मा लगाउने कार्य द्रुत गतिमा भइरहेको छ । यस सरकारको पाइलालाई विविध क्षेत्रबाट आलोचना गर्दै विद्यालयहरूलाई समुदायलाई सुम्पेर सरकार जिम्मेवारीबाट पन्छिन खोजेको हो भन्ने गरेको पाइन्छ । समुदायमा जिम्मा लिएका विद्यालयहरूलाई एकमुष्ट रकम उपलब्ध गराउने (त्यो विद्यार्थी संख्या र तहगत रूपमा प्रति विद्यार्थी रकमले गुणन गर्दा हुने रकम) यस बाहेक पनि S.I.P.(School Improvement Plan) अन्तर्गत प्रति विद्यार्थी रकमले सम्पूर्ण विद्यार्थी संख्या संग गुणन गरी एकमुष्ट निकासा गर्ने प्रचलन छ । त्यो रकमले प्राथमिक विद्यालय सञ्चालनार्थ केही टेवा पुगेको कुरा नकार्न मिल्दैन।

विद्यालय एक सामाजिक सेवा गर्ने संस्था भएकाले यस भित्र हुने आर्थिक क्रियाकलाप पारदर्शी हुनपर्ने हुन्छ । यसलाई शिक्षासम्बन्धी उच्चस्तरीय समिति-२०५८ ले महत्त्वका साथ उठाएकोछ । विद्यालयको आम्दानी र खर्चको बारेमा जनसमक्ष (अभिभावक) स्पष्टताका साथ प्रकासमा ल्याउनु पर्ने दायित्त्व पनि हुन्छ । शीर्षकको रकमलाई विना निर्णय र आधार अन्य क्षेत्रमा खर्च नगर्ने , अधिकतम शुल्कको सीमा तोक्नु पर्ने, प्राथमिक तहलाई शुल्क रहित बनाउन प्रयासरत रहनुपर्ने , शुल्क निर्धारण गर्दा अभिभावक र सरोकार पक्ष बीच समन्वय गर्ने, शुल्क दोहोऱ्याउनु पर्ने र सोही आधारमा अभिभावकको अत्यन्तै ठूलो लगानी र विद्यार्थीको त्यागको मूल्यलाई सुनिश्चित गर्नु पर्ने देखिन्छ, (शिक्षासम्बन्धी उच्चस्तरीय आयोग, २०५८) ।

विद्यालयका शुल्क निर्धारणका आधारहरू कर्मचारीको तलब, भत्ता , विद्यालय दैनिक संचालन खर्च, भैपरी आउने, मर्मतसम्भार , भ्रमण, शैक्षिक सामग्री, पुस्तक तथा अध्ययन सामग्रीको कूल खर्चहरु हुन सक्दछन् । विभिन्न आयोग र समितिले दिएका प्रतिवेदनहरूमा विद्यालयको खर्च गर्ने शीर्षकहरू सरोकारवालाहरू बसेर तोक्ने, त्यसलाई, योजनाबमोजिम संलग्न गरी लैजाने, खर्चको पारदर्शिता कायम गराउने, अनुमोदन गराउने र सामाजिक लेखापरीक्षण मार्फत कार्य सम्पादन गरी प्रतिवेदन जनसमक्ष ल्याउने आदि कार्य गर्नु पर्दछ ।

कोइरालाका अनुसार संगठनको व्यवस्थापन प्रक्रियाले आर्थिक स्रोत संकलन र उपयोग गर्ने पक्षलाई प्रभाव पार्दछ । संगठन र आर्थिक स्रोतसम्बन्धी क्रियाकलापको बीच घनिष्ट सम्बन्ध रहेको पाइन्छ । विद्यालयका विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ, शिक्षकहरु र अभिभावकहरु, विद्यालयका संगठनहरु हुन । विद्यालयको आर्थिक स्रोत पहिचान गर्ने संकलनमा सक्रिय रहने र प्राप्त स्रोतहरुलाई निर्णय गर्दै खर्च

गर्ने खर्च गरिएको कारोवारको व्यवस्थित अभिलेख राख्ने, राख्न लगाउने र आर्थिक वर्षको अन्तमा सामाजिक परीक्षण मार्फत अनुमोदन गर्नुपर्ने हुन्छ । यसरी समाजमा विद्यालय आफैं मार्गदर्शक बनेर पारदर्शी क्रियाकलाप तर्फ उन्मुख हुनुपर्ने देखिन्छ (कोइराला, २०६४) ।

आचार्य (२०६४) ले शिक्षालाई (Education is non-material goods) भावनात्मक वस्तुको रुपमा व्याख्या गरिएको पाइन्छ । यदि शिक्षित व्यक्तिले दक्षता र सीप प्रयोग गरी आर्थिक उपार्जन गर्दछ भने त्यो बेला शिक्षा उत्पादक (Produce Goods) हो । यदि शिक्षित व्यक्ति शिक्षाको उपयोग गरी जागिर खाने मात्र इच्छा राख्छ भने त्यसबेला शिक्षालाई उपभोग्य वस्तु (Consumer Goods) को रूपमा लिन सकिन्छ । वास्तवमा शिक्षामा छुट्याइएको केही भाग बजेट असल व्यवस्थापन गर्नका लागि पनि हो । शिक्षामा लगानीको हिसाबले हेर्दा प्रत्यक्ष ,अप्रत्यक्ष र अवसर (त्याग गरिएको) मूल्यको योग हो । नेपाल सरकारले सबैभन्दा बढी बजेट तलबभत्तामा नै छुट्याउने गरेको छ । तलब भत्तामा ८६ % , पाठ्यपुस्तकमा २%, निर्माणमा ३%, छात्रवृत्तिमा ३%, अनुदान सहयोगमा ४% ,थपि अन्यमा २% गरी सत प्रतिशत बजेट खर्चिएको अवस्था पाइन्छ । शिक्षामा किन सरकारले लगानी गर्छ भन्ने प्रश्नको जवाफ के हुन्छ भने भावी दिनमा अपेक्षित जनशक्ति उत्पादन गर्नु , समाजमा सबैलाई शिक्षाको माग पूरा गर्नु, राजनैतिक प्रतिबद्धतालाई सम्बोधन गर्नु, समाजको आशा र माग पूरा गर्नु र राष्ट्रको उन्नतिमा सबैलाई भागीदार बनाउनु हो ( आचार्य, २०६४) ।

देशभित्र भैरहेको शैक्षिक प्रतिस्पर्धा कै कारण दुई प्रकारको शैक्षिक क्रियाकलाप संचालन भै रहेको पाइन्छ । सार्वजनिक विद्यालयहरू र संस्थागत विद्यालयको व्यवस्थापनको स्थिति न्यून र कमजोर छ । यसमा आर्थिक स्रोत नै मुख्य प्रभावित तत्त्व हो । अर्को तर्फ संस्थागत विद्यालय चुस्त र मितव्ययी समयसापेक्ष व्यवस्थापन गर्न सफल छन् । विद्यालयको लगानीको हिसाबले सामुदायिक विद्यालयमा सरकारको ठूलो आर्थिक हिस्सा विनियोजित छ भने संस्थागतमा अभिभावकको हिस्सा बढी छ । लगानी र त्यसबाट उत्पादित जनशक्तिको तुलनात्मक अध्ययन नगरी कुन ठीक हो या होइन भन्न कठिन छ । नेपालको प्राथमिक सार्वजनिक विद्यालयको व्यवस्थापकीय अवस्थालाई सिधै नजर अन्दाज गर्दा दुःख लाग्दो अवस्था चाहीँ स्पष्ट महशुस हुन्छ ।

आचार्य (२०६३) ले शिक्षालाई विकास नै गर्ने हो भने शिक्षाकर, विशेष कर, शुल्क तोक्ने कार्य गर्नु नितान्त आवश्यक छ । पहुँचवाला व्यक्तिले गरिब वर्गको शिक्षामा उत्थान गर्न न्यून रूपमा सरकालाई सहयोग पुऱ्याउनु सामाजिक न्यायको दृष्टिले वान्छनीय नै हुन्छ

। चीन, ब्राजिल र जमाइका जस्ता देशहरूमा शिक्षा कर असुल गरी त्यो कोषको रकम सिधै दुर्गम र निमुखाको शैक्षिक उन्नतिमा विनियोजन गरिन्छ । नेपाल सरकारले पनि २०६५/०६६ को बजेट वक्तव्यमा संस्थागत विद्यालयलाई नाफाको ५% शिक्षाकरको रूपमा उठाउने र सो रकम गरिब छात्र-छात्राको हितको लागि खर्च गरिने कुरा उल्लेख छ । संस्थागत विद्यालय कम्पनी ऐनमा दर्ता गराई संचालन बापत लिन पाइने छ । यो शिक्षा कर अभिभावकलाई लाग्दछ, फिमा ५% थपेर उठाइन्छ भनेर विद्यालय संचालकहरू आलोचना गरिरहेको स्थिति छ । यो विवाद रहिरहने कुरा निक्यौलमा पुग्नु उपयुक्त हुन्छ,( आचार्य, २०६३) ।

सामुदायिक विद्यालयहरूलाई वैदेशिक सहयोग, राष्ट्रको ढिकुटी, दातृसंस्थाहरूको अनुदान, धार्मिक दान, दातव्य, श्रमदान, स्वयंसेवा, संस्थागत सहयोग आदि विविध क्षेत्रबाट आम्दानी भै रहेको पाइन्छ, यद्यपि यो पर्याप्त चाही मान्न सकिदैन ।

EFA (2000 AD) बिना आर्थिक स्रोत, न कुनै शैक्षिक कार्यक्रम, न कुनै तहको शिक्षा संचालन सम्भव छ । यो आर्थिक वस्तु जस्तो रूपमा सोच्नु पर्ने भएको छ । वास्तवमा नेपाल एक आर्थिक रूपमा कमजोर अवस्था रहेको देश हो । नेपाल सरकारले सामुदायिक प्राथमिक तहको शिक्षामा के कस्ता शीर्षकमा बजेट विनियोजन गरिरहेको छ भन्ने एक पक्ष हो भने स्थानीय रूपमा विभिन्न संघ संस्था व्यक्तिबाट के कस्तो सहयोग प्राप्त भइरहेको छ । ती स्रोत के कस्तो आधारमा वितरण गरिन्छ । ती सहयोग पर्याप्त छन् त ? त्यसले व्यवस्थापनमा के कस्तो प्रभाव परेको छ ? आम्दानी र खर्चलाई अभिलेख राख्ने र खर्च गर्ने प्रक्रिया के कस्तो छ यसको विश्लेषण हुनु आवश्यक ठान्दछु । विकासन्मुख देश जस्तै नेपालहरूले शिक्षामा बजेट १५% सरदर रूपमा गरिरहेको परिवेश छ । EFA को लक्ष्य सन् २०१५ सम्ममा निरक्षरता उन्मुलन गर्ने उद्घोष गरिएको छ र २०२० सम्मलाई २०% बजेट न्यूनतम शिक्षामा प्रत्येक देशले लगानी गर्नु पर्ने प्रस्ताव राखेको छ, (EFA Long Term Aims,२००० A.D.) ।

आचार्य (२०६३) राष्ट्रिय शिक्षा आयोग २०४९ ले कूल बजेटको १५% बजेट विनियोजन गर्नु प्रोत्साहन गर्नुपर्ने कुरा उठाएको छ । प्राथमिक शिक्षामा राष्ट्रिय योजना आयोगले २६१.८ मिलियन डलर र (२०५६-०६६) मा १००६.५ मिलियन डलर खर्च लगानी गरिरहेको अवस्था छ, (आचार्य, २०६३) ।

प्राथमिक शिक्षाको अवस्था कमजोर छ । व्यवस्थापन पनि न्यून छ । निजी प्रयासमा लाग्ने कम्ति छन् । संघ संस्थामा पनि न्यून रकम छ । गरिब अभिभावकका छोराछोरी

पढिरहेको अवस्था छ । स्थानीय स्रोतले पूर्ण भएका क्षेत्रमा पनि स्रोत परिचालन र सदुपयोग कार्य सक्रिय पार्न सकिएको छैन । यसलाई अत्यन्तै महत्त्व दिएर अनिवार्य रूपमा स्वीकार गर्दै बढी लगानी वृद्धि गर्नु पर्ने देखिन्छ । सामुदायिक प्राथमिक विद्यालयका सरोकारवाला पक्षहरू बसी आ-आफ्नो स्थानमा स्रोत पहिचान, विनियोजन र उपयोग गरी सम्पन्न बनाउने कार्यमा एक मार्गदर्शक बन्न सक्छ । यसमा सबैको चिन्तन एकीकृत बनाउँदै लैजानु पर्ने देखिन्छ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

प्राथमिक विद्यालयहरू देश भरि नै न्यून व्यवस्थापनद्वारा संचालित भइरहेको देखिन्छ । ती विद्यालय के कसरी सञ्चालन भएका छन्, किन ती विद्यालयहरूमा चाहे जस्तो साधन स्रोतले सम्पन्न बनाउन सकिएको छैन ? किन विद्यार्थीको आकर्षण ती विद्यालय तिर न्यून छ ? के तलब भत्ता मात्र विद्यालय व्यवस्थापन गर्ने आधार तत्त्व हो ? जस्ता प्रश्नहरूतर्फ छन भने अर्कोतर्फ ती सामुदायिक प्राथमिक विद्यालयमा प्राप्त सरकारी आर्थिकका स्रोतहरू के के छन् ? ती स्रोतको बारे समुदाय सुसुचित छ कि छैन् ? ती रकम प्रदान गर्ने आधारहरू के कस्ता छन् ? यी महत्त्वपूर्ण प्रश्नको उत्तर खोज्नु अध्ययनको विषय ठानिएको छ ।

सार्वजनिक प्राथमिक विद्यालयहरूको स्थानीय आर्थिक प्राप्त गर्ने स्थायी स्रोतहरू के के छन् त ? यदि छैनन् भने कस्तो कस्ता स्रोतबाट आर्थिक ढिकुटी स्थानीय रूपमा संकलन भै रहेका छन ? ती सरकारी स्रोतबाट प्राप्त र स्थानीय रूपमा संकलित आर्थिक ढिकुटी खर्च गर्ने प्रक्रिया कस्तो छ ? विद्यालयका सरोकार पक्षहरू आर्थिक स्रोत पहिचान र संकलनमा कति सक्रिय रहेका छन् ? जनसमक्ष कति जवाफदेही छन् /छैनन् ? विद्यालयको प्रगति पनि अडिएको हुन्छ । सा.प्रा. विद्यालयहरूलाई प्राप्त हुने सम्भावित आर्थिक स्रोतहरू परीक्षा शुल्क, सहयोगवान्, चन्दा (भवन,जग्गा) दान तथा सरकारी स्रोतबाट प्राप्त हुने तलब भत्ता, भवन शैक्षिक सामग्री, लक्षित समूहको रकमदेखि बाहेक कस्ता कस्ता संघसंस्थाबाट आर्थिक सहयोग हुन सक्छ त्यसलाई प्रकाशमा ल्याउनु आवश्यक छ । आर्थिक स्रोत पहिचान, संकलन र पारदर्शी खर्च, अभिलेख र जनसमक्ष सुसुचित गरिने पक्षलाई नै यस अध्ययनको मूल समस्याको रुपमा छानिएको छ ।

## १.३ अध्ययनको औचित्य (Rationale of the Study)

विद्यालयलाई प्राप्त हुने आर्थिक स्रोतको मात्र जति पर्याप्त हुन्छ, त्यति नै विद्यालयको भविष्य उज्वल बन्ने निश्चित छ । त्यसमा पनि सामुदायिक प्राथमिक विद्यालयहरूको व्यवस्थापकीय स्थिति नाजुक भएको कारण ती विद्यालयहरूको आर्थिक अवस्था केलाएर कसरी तिनीहरूलाई मजबुत पार्न सकिन्छ भन्ने चिन्तन आउनु स्वभाविक हो । विद्यालयको सर्वाङ्गीण विकास आर्थिक तत्त्वमा आधारित हुन्छ । जति विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने अपेक्षा राखिन्छ त्यति नै लगानीको मात्रा पनि वृद्धि गर्नुपर्ने हुन्छ । हाल नेपालको प्राथमिक विद्यालयलाई प्रतिस्पर्धी बनाउन सरकारी लगानी बाहेक समुदायहरूले के कस्तो लगानीका प्रयासहरू गरिरहेका छन् त्यसको स्थिति केलाउनुपर्ने अवश्यकता छ । वर्तमान अवस्थामा सामुदायिक प्राथमिक विद्यालयहरूलाई प्राप्त हुने आम्दानीको स्रोत, त्यसको खर्च गर्ने प्रक्रिया र त्यसको पारदर्शिता बारेमा आम जनसमुदायमा तथ्य र सत्य प्रकाशमा ल्याउन सकेमा धेरै कुरा फाइदा हुने देखिन्छ ।

प्राथमिक तहलाई उठाउन स्थानीय स्तरमा संकलन हुने आर्थिक स्रोतका शीर्षकहरू के के छन् ? र सरकारबाट प्राप्त स्रोतहरू के के छन् ? पहिचान गर्नु सो रकमले के विद्यालयको समस्या र आवश्यकतालाई सम्बोधन गर्न सकेको छ ? के ती रकम तोकिएर आएको शीर्षकबमोजिम खर्च भै रहेको छ । सबै क्षेत्र, वर्ग , लिङ्ग, जातले समतामूलक ढङ्गले वितरण भएको छ/ छैन? खर्च गर्ने प्रक्रिया र पारदर्शीताको मात्रा के कस्तो अवस्थामा छ सो पक्षलाई नियालेर विश्लेषण गर्नु शीर्षक सान्दर्भिक ठान्दछु,(शिक्षासम्बन्धी उच्चस्तरीय समिति,२०५८) ।

सामुदायिक प्राथमिक विद्यालयहरुको आम्दानीको स्रोतहरुको बारेमा जानकारी दिनु उपयोगी हुन्छ । विद्यालयको शैक्षिक तथा भौतिक स्थितिमा सुधार ल्याउन आधार प्रदान गर्न सबैलाई अग्रसर बनाउन सकिने भएकोले, विद्यालयको खर्च गर्ने प्रक्रिया, पारदर्शिता र सुसुचित हुने अभिभावकहरुको हक सुरक्षित गर्नका लागि यो अध्ययन फलदायी हुने भएकोले, विद्यालयका सरोकारवाला पक्षहरु बीच सम्बन्ध स्थापित गराई विद्यालयको लागि आर्थिक स्रोत पहिचान, संकलन र खर्च गर्ने प्रक्रियामा सक्रिय रहनका लागि प्रोत्साहित गर्न सहयोग पुग्ने भएकाले सामुदायिक प्राथमिक विद्यालयहरुप्रति जनचासो अभिवृद्धि गराउन, विद्यालयको विकास निर्माण मर्मत सम्भार तथा शैक्षिक गुणस्तर कायम गर्न बजेट निर्माण प्रक्रियामा सक्रिय रहनका लागि साथै निर्माण प्रक्रिया कार्य सम्पादनमा भएका कमी कमाजोरी घटाउँदै लैजानको लागि सहयोग पुऱ्याउन, आर्थिक कार्यविधि, नियमावली, खरिद

ऐन परिधि भित्र रही क्रियाकलाप सञ्चालन गर्न प्रत्येक विद्यालयका विद्यालय व्यवस्थापन समितिका सदस्य, शिक्षक अभिभावक संघका सदस्यहरु, शिक्षकहरु, अभिभावकहरुलाई आर्थिक स्रोत संकलनमा र खर्च गर्ने प्रक्रियामा उत्प्रेरित बनाउन यस अध्ययनले सहयोग पुऱ्याउने छ ।

## १.४ अध्ययनका उद्देश्यहरू (Objectives of the Study) :

यस शोधपत्रको अध्ययनको उद्देश्यहरू निम्नानुसार छन् :

(क) सामुदायिक प्राथमिक विद्यालयहरूको वर्तमान आर्थिक स्रोतहरूको पहिचान गर्नु।

(ख) विद्यालयहरू बीच आर्थिक स्रोतको तुलनात्मक अध्ययन गर्नु ।

(ग) आर्थिक स्रोतहरूको खर्च गर्ने प्रक्रिया र पारदर्शिता, व्यवस्थापनको विश्लेषण गर्ने ।

घ) सार्वजनिक प्राथमिक विद्यालयहरूको आर्थिक समस्या समाधानका उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू (Research Questions) :

यस शोधपत्र तयार गर्ने क्रममा तपसिलमा उल्लेखित प्रश्नहरू महत्त्वपूर्ण छन् भन्ने मैले ठानेको छु । यस अध्ययनलाई केन्द्रित पार्न यी प्रश्नले सहायता पुऱ्याउने मेरो ठहर छ । ती प्रश्नहरुले अध्ययनको सारलाई प्रष्ट पार्दछ ।

(क) हाल सामुदायिक प्राथमिक विद्यालयहरूमा के कस्ता आर्थिक स्रोतहरु उपलब्ध छन ?

(ख) सामुदायिक प्राथमिक विद्यालयहरूमा प्राप्त हुने आर्थिक स्रोतहरू बीच एकरूपता कस्तो छ ?

(ग) विद्यालयहरूको सरोकार पक्षहरूद्वारा आर्थिक स्रोत पहिचान र संकलनमा के कस्ता प्रयास भै रहेका छन् ?

(घ) विद्यालयहरूको आर्थिक स्रोत खर्च गर्ने कार्यविधि तथा प्रकृया कस्तो छ ?

(ङ) सामुदायिक प्राथमिक विद्यालयमा प्राप्त आर्थिक स्रोत र शैक्षिक तथा भौतिक व्यवस्थापन बीच समन्वय छ छैन ?

(च) अध्ययन अन्तर्गतका प्राथमिक विद्यालयको आर्थिक पारदर्शिता र जिम्मेवारीको अवस्था कस्तो छ ?

## १.६ अध्ययनको परिसीमा (Delimitations of the Study) :

यस अध्ययन सम्पन्न गर्न प्रस्तावित गरेका विद्यालयहरूको सन्दर्भमा झापा जिल्ला सतासीधाम गा.वि.स. भित्र सञ्चालित ११ वटा सामुदायिक प्राथमिक विद्यालयमध्ये अलग अलग वार्डमा अवस्थित तपसिलका ५ वटा विद्यालयहरू छनौट गरेको छु । छनौट गरिएका विद्यालयहरुको आर्थिक स्रोतको स्थिति र स्रोत व्यवस्थापनका पक्षहरु फरक फरक भएकाले गर्दा ती विद्यालयहरु छनौट गर्नु सान्दर्भिक ठानेको छु । यी विद्यालयहरूको आर्थिक स्रोत, खर्च गर्ने विधि, प्रकृया र त्यसको विद्यालयमा परेको सर्वपक्षीय प्रभाव बारेमा केन्द्रित रहेर अध्ययनका लागि सीमा निर्धारण गरिएको छ ।

# परिच्छेद : दुई
# सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ अध्ययनको सैद्धान्तिक रूपरेखा (Theoretical Framework of Study)

यस परिच्छेद अन्तर्गत दुईवटा शीर्षकमा सिद्धान्त र अध्ययनको विश्लेषण गर्ने गरिन्छ । कुनै पनि अध्ययनको विषयवस्तुलाई सैद्धान्तिक आधारसँग सम्बन्धित गराउने कार्य र उपलब्ध पूर्व अध्ययनको समीक्षा गर्ने कार्य सम्पन्न गर्नुपर्ने भएकोले यस अध्ययनको सैद्धान्तिक आधारहरुमध्ये वैज्ञानिक व्यवस्थापन सिद्धान्त र कार्ल मार्क्सको आर्थिक सिद्धान्तलाई आधार बनाइएको छ ।

काफ्ले (२०६२)का अनुसार वैज्ञानिक व्यवस्थापन सिद्धान्तले संस्थाको भौतिक, आर्थिक र शैक्षिक पक्षलाई सुधार गर्दै संगठनको उद्देश्य हासिल गर्न सक्नेछ भन्ने तथ्यलाई प्रष्ट पारिएको पाइन्छ । विद्यालय पनि एक शैक्षिक संस्था हो । यसमा पनि आधुनिक व्यवस्थापन गर्दै जानुपर्ने देखिन्छ । व्यवस्थापन गर्न आर्थिक तत्व महत्वपूर्ण भएकोले सो तत्वको पहिचान, संकलन र खर्च गर्ने प्रक्रिया तर्फ विद्यालयहरु अग्रसर हुनुपर्ने देखिन्छ । यस वैज्ञानिक व्यवस्थापनका सिद्धान्तकार एफ. डब्लु टेलरले महत्वपूर्ण ५ वटा सिद्धान्तहरु प्रस्तुत गर्नुभएको पाइन्छ । यसै सिद्धान्तलाई थप टेवा पुऱ्याउन Frank and Lilion Gilbreth र Hanry L. Gantt ले अन्य सिद्धान्तहरु प्रस्तुत गर्नुभएको छ । कामदारको परम्परागत कार्यशैली परिवर्तन गरी वैज्ञानिकीकरण गर्नुपर्ने, कामदार छनौटमा वैज्ञानिकता अपनाउनु पर्ने र तालिम प्रदान गर्नुपर्ने, व्यवस्थापन र कामदार बीच आत्मीय सम्बन्ध स्थापना गरी सामञ्जस्यपूर्ण कार्य सम्पादन गर्नुपर्ने कामप्रति कामदारलाई अधिकतम उपलब्धी हासिल प्राप्त गर्न सकिने गरी परिचालन गर्नुपर्ने, व्यवस्थापन र कामदारको कार्यको परिभाषा र विभाजन गर्नुपर्ने, दोषारोपण गर्ने प्रवृत्ति रोक्नुपर्ने जस्ता महत्वपूर्ण तर्कहरु प्रस्तुत गरिएको छ । यसै सिद्धान्तका आधारमा रहेर हरेक प्राथमिक विद्यालयहरुको स्थितिमा परिवर्तन गर्न वैज्ञानिकीकरण गर्नको लागि र उचित व्यवस्थापन गर्दै लैजान आर्थिक तत्व नै मुख्य हो भन्ने महशुस गरी हाल प्राथमिक विद्यालयहरुमा आर्थिक तत्वको भूमिका कस्तो रुपमा रहेको छ भन्ने कुरा खोजी गर्नु सान्दर्भिक ठान्दछु । किन सामुदायिक प्राथमिक विद्यालयहरुको व्यवस्थापन राम्रो बनाउन सकिएको छैन भन्ने कुरालाई पुष्टि गर्न यस सिद्धान्तको धारणा औचित्यपूर्ण रहेको महशुस गर्दछु ।

वैज्ञानिक व्यवस्थापन सिद्धान्तको महत्पूर्ण बुँदा भनेको सम्बन्धित पक्षहरुलाई संस्थाको अधिकतम उपलब्धी हासिल गर्ने ढंगले परिचालन गर्नुपर्ने भन्ने कुरालाई विद्यालयसँग पनि गाँस्न उपयुक्त ठान्दछु । विद्यालयको भौतिक स्थितिमा सुधार गर्दै शैक्षिक वातावरण तयार पार्दै अधिकतम शैक्षिक उपलब्धी हासिल गर्दै अगाडि जान भौतिक र शैक्षिक स्तरको सुधार गर्न आर्थिक तत्व महत्वपूर्ण भएकोले यसको व्यवस्थापन गर्दै विद्यालयहरु अगाडि बढिरहेका छन्/छैनन् भन्ने कुरा खोजी गर्नु यस सिद्धान्तले सहयोग पुऱ्याएको ठान्दछु, (काफ्ले, २०६२) ।

शर्मा, (२०६२) अध्ययनको अर्को महत्त्वपूर्ण सिद्धान्त भनेको आर्थिक सिद्धान्त हो । यस सिद्धान्तको मूलभाव समाज परिवर्तन आर्थिक तत्त्वसँग निर्भर छ । आर्थिक स्रोत समाजको मेरूदण्ड हो । जुनसुकै क्रियाकलापको जड भनेको आर्थिक पक्ष मानिन्छ । यो मार्क्सवादी चिन्तनसँग नजिक छ । जबसम्म राज्यको आर्थिक अवस्था कमजोर रहन्छ तबसम्म राज्यका सबै क्षेत्र र एकाईमा सुधार गर्न सकिदैन आर्थिक तत्त्वले समाजको वैचारिक, दार्शनिक र राजनैतिक परिवर्तन समेत गराउँछ । भौतिक जगतको कायापलट गराउन आर्थिक स्रोत नितान्त आवश्यक छ । भौतिक परिवर्तनले सामाजिक, धार्मिक आध्यात्मिक र भावनात्मक परिवर्तनसमेत ल्याउँछ । सामाजिक जीवन प्रणालीमासमेत आर्थिक तत्त्व हावी हुन्छ । जहाँ व्यक्तिको आयस्तर वृद्धि हुन्छ त्यहाँका व्यक्तिले शिक्षा पनि त्यसै बमोजिमको माग गर्दछन् अथवा शिक्षामा बढी लगानी गर्ने प्रयत्न गर्छन र राज्यले पनि यही नियम अनुसार खर्च गर्दछ, (शर्मा,२०६२) ।

आर्थिक वितरण र उत्पादन बीच समन्वय नहुँदा द्वन्द्व सिर्जना हुन्छ । विद्यालय पनि यस समस्याबाट मुक्त छैनन् । जति शिक्षामा सरकारले लगानी गरिरहेको छ, त्यसैअनुसार विद्यार्थीको (Quality) गुणस्तर र संख्या उत्पादित छ, छैन् त्यसको लेखाजोखा हुनु नितान्त आवश्यक छ । वास्तवमा समाजको परिवर्तन आर्थिक तत्त्वमा निर्भर रहने भएकाले यस सामाजिक परिवर्तनको सिद्धान्तलाई आर्थिक सिद्धान्त पनि भनिन्छ, (शर्मा,२०६२) ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन (Review of the Related Literature)

शोधकर्ता मीनराज (पौडेलद्वारा) प्रस्तुत यस शोधपत्र "सामुदायिक प्राथमिक विद्यालयहरुमा आर्थिक स्रोत व्यवस्थापन र शैक्षिक उपलब्धीमा पार्ने प्रभावः एक अध्ययन" भन्ने शीर्षकमा रहेर रुपन्देही जिल्लाको बुटवल नगरपालिकाको ५ वटा विद्यालयको जनसंख्यालाई लिएर गर्नुभएको अध्ययनबाट निम्नअनुसारको निचोड

निकाल्नुभएको छ । प्राथमिक विद्यालयहरुको भवन, खानेपानी, खेलकुद मैदान, भौतिक बनावट र शिक्षकको दरबन्दी संख्याको अभावले विद्यालयहरु ग्रस्त रहेको उल्लेख गर्नुभएको छ । विद्यालय छोड्ने दर (Drop out Rate) उच्च रहेको अथवा २१ प्रतिशत रहेको पाइन्छ । विद्यार्थी उर्तीण दर ६९ प्रतिशत र औसत उपलब्धी दर ४६ प्रतिशत रहेको स्थिति छ । विद्यालयहरुले स्थानीय स्तरमा गा.वि.स र जि.वि.स. मार्फतबाट मात्र आर्थिक स्रोत संकलन गरिरहेको अवस्था देखाउनु भएको छ । Cost Benefit Analysis गरी पा्थमिक तहको शिक्षामा लगानी बढाउनु पर्ने तर सो नसकेको अवस्था छ । प्राथमिक तहको शिक्षामा सरकारबाट ६६.०५ प्रतिशत, स्थानीय स्तरबाट ३७.९ प्रतिशत र शुल्कबाट ६.६ प्रतिशत रकम संकलन भइरहेको र प्राथमिक तहमा लगानीको मात्रा अत्यन्त न्यून भएको र सो लगानी बढाउनु पर्ने स्थानीय संघ संस्था, गैरसरकारी संघसंस्था र दातृ संस्थाले पनि लगानी गर्दा Investment and Return Analysis गर्नुपर्ने, विविध कारणले समाजमा पछि परेका बालबालिकाहरुलाई पढने वातावरण सिर्जना गर्नुपर्ने, विद्यालयको आर्थिक स्रोत संकलनमा सम्बन्धित पक्ष सक्रिय रहनुपर्ने, विद्यार्थीको संख्या वृद्धि गर्न अभिभावकहरुलाई सुसुचित गर्नुपर्ने सुझावको रुपमा उल्लेख गर्नुभएको छ ।

**बुलेटिन समीक्षा** (Bullentin Review)

आर्थिक सर्भेक्षण - २०६४, नेपालको प्राथमिक तहमा आर्थिक अभावको कारण व्यवस्थापन पक्ष कमजोर भएकोले २०६३।०६४ देखि समुदायमा हस्तान्तरण हुन चाहने प्राथमिक विद्यालयहरुलाई आवश्यकता हेरी एकमुष्ट रकम प्रदान गर्ने र विद्यालयलाई समुदायमा जिम्मा लगाउने कार्यक्रम सञ्चालन भई रहेको जानकारी दिएको छ । यस बुलेटिनबाट आर्थिक दृष्टिकोणले न्यून रहेका प्राथमिक विद्यालयहरुलाई मद्दत पुग्ने र प्रथमिक विद्यालयहरुलाई भौतिक रुपमा सम्पन्न बनाउन निःशुल्क शिक्षाको व्यवस्था गर्न, निःशुल्क पाठ्पुस्तक, छात्रवृत्ति, तलब, भत्ता, प्रशासनिक खर्च र सामान्य विकास निर्माणका लागि टेवा पुग्न सक्ने कुरालाई उल्लेख गरिएको छ । यस बुलेटिनबाट प्राथमिक विद्यालयहरु समुदायमा हस्तान्तरण हुँदै जाँदा आर्थिक रुपले सक्षम बन्ने कुरालाई उठाइएको पाइन्छ,( आर्थिक सर्भेक्षण, २०६४) ।

**लम्साल (२०६५)का अनुसार** शिक्षक मासिक चौथो अंकमा लेखक हरिप्रसाद लम्सालद्वारा प्रेषित लेख "जहा धेरै विद्यार्थी त्यही धेरै अनुदान" मा विद्यालयहरुलाई अनुदान प्रदान गर्ने धेरै मोडलहरु मध्ये विद्यार्थी संख्यालाई मुख्य आधार बनाइएको छ । विद्यार्थीलाई लाग्ने

शैक्षिक लागत र विद्यार्थी संख्याको गुणन गरी (Formula Based Funding) द्वारा रकम तोक्नुपर्ने त्यसको आधारमा विद्यार्थीको पहुच, विद्यालयको व्यवस्थापन र शैक्षिक गुणस्तरलाई एकैपटकमा सम्बोधन गर्ने , विद्यालयको आर्थिक स्रोत विश्लेषण गर्नु, विद्यार्थी लागत र अनुदानको रकम वितरण प्रक्रियालाई केलाउनु, SIP को मर्मबमोजिम पारदर्शिता कायम गराउन सकिने उद्देश्य यस लेखले राखेको पाइन्छ ।

यसलाई वहाले गुणात्मक तथा सैद्धान्तिक आधारमा गौण तथ्याङ्कमार्फत विश्लेषण गर्नुभएको छ । विद्यार्थी लागत निकाल्न शिक्षक तलब, स्टेशनरी, मसलन्द खर्च, छात्रवृतिको रकमको योगलाई विद्यार्थी संख्याले भाग गरी आउने भागफल हो । यसैको आधारमा Formula Based Funding सञ्चालन गरिन्छ । विपन्न गरिब, निमुखा र पिछडिएको वर्गको लागि SIP मार्फत रकम विनियोजन गरी उनीहरुलाई सम्बोधन गर्न सकिने, रकमको पारदर्शितालाई सुपरिवेक्षण गर्नुपर्ने, शिक्षामा Input र Outcomes को अनुपात विश्लेषण गर्नुपर्ने जस्ता कुराहरु उठाइएको पाइन्छ । त्यसरी नै विद्यालयले आफ्नो सेवा क्षेत्रको विद्यार्थी संकलनमा सक्रिय रहनु पर्ने, SIP मा विद्यार्थी संख्यालाई दुरुस्त राख्नुपर्ने, आर्थिक अनुदान निकासा जि.शि.का.बाट बैकिङ्ग कारोबार मार्फत सञ्चालन गर्नुपर्ने, विद्यालयको अनुदान रकमको पारदर्शिता कायम गराउन सम्बन्धित पक्षहरु सजग रहुन पर्ने, विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न SIP Funding लाई त्यसतर्फ अभिमुखी गर्नुपर्ने सुझाव दिनु भएको पाइन्छ । यस लेखले प्राथमिक तहमा आर्थिक स्थिति सुधार गर्न महत्वपूर्ण मार्गनिर्देशन गर्ने भएकोले मेरो अध्ययनसग यस शिर्षकको अन्तरसम्बन्ध रहेको महसुश गरी समीक्षा गर्ने प्रयास गरिएको् हो ।

अग्रवाल (2007 A.D.) का अनुसार नेपालमा वर्तमान समयमा शैक्षिक खर्चको स्थितिबारे पछिल्लो जानकारी अनुसार विभिन्न आर्थिक संघसंस्था र समूह, व्यक्तिबाट अनुदान र दान प्राप्त भै रहेको छ । नेपालको शैक्षिक वृद्धि र विकासमा सरकारको लगानी पनि उल्लेखनीय पाइन्छ । शिक्षाको बजेटको दायरा वृद्धि गर्दै लगेको पाइन्छ । शैक्षिक वृद्धि र विकासमा लगेको पाइन्छ । शैक्षिक प्रणालीलाई राष्ट्रियकरण गरी सवै तिर र तहमा सरकारले नै जिम्मा लिएको पाइन्छ । स्थानीय अनुदान, सहयोग अत्यन्तै न्यून छ । सरकारल स्थानीय सहयोग न्यून हुने कारणको खोजी सहयोग र अनुदान वृद्धि गर्ने उपायको लागि लाग्नु पर्दछ ।

ज्ञवाली (2004 A.D.) का अनुसार नेपालको शिक्षा विदेशी लगानीमा आधारित छ । यसरी अर्को देशको पूर्णलगानीबाट शिक्षालाई आफ्नो उद्देश्यबमोजिम लैजान सकिदैन ।

शिक्षामा लगानी गर्नेले आफ्नो स्वार्थ राख्दछ । शिक्षाको लगानी सम्बन्धमा दीर्घकालीन सोच बनाउनुपर्दछ । शिक्षकहरुलाई मर्यादित बनाउनुपर्दछ । निरीक्षण र अनुगमन प्रभावकारी बनाउनुपर्दछ । कर्मचारीको मनोबल उकास्न तलबको उचित व्यवस्था, दरबन्दीको उचित वितरण गर्नुपर्दछ ।

अधिकारी (2004 A.D.) का अनुसार शिक्षा क्षेत्रमा लगानी गर्दा अन्य क्षेत्रको बजेट घटाउनु पर्छ । शिक्षाको बजेट देशको Gross Domestic Product को कम्तिमा ५% पुऱ्याउनु पर्छ । प्राथमिक शिक्षामा जोड दिनु पर्ने, सुविधालाई वृद्धि गर्नुपर्ने, शिक्षकलाई तालिम प्रदान गर्नुपर्ने, दीर्घसेवा गर्ने शिक्षकलाई Golden Handshake प्रदान गरी विदा गर्नु पर्ने, युवा शक्तिलाई परिचालन गरी नयाँपन ल्याउनुपर्ने । शिक्षकको संख्या वृद्धि गर्ने काम भइ रहेता पनि गुणस्तर वृद्धि नहुनाले शिक्षालाई प्रवर्द्धन गर्नु हो । स्रोत साधनको अधिकतम उपयोग नहुनाले शिक्षालाई प्रबर्द्धन नगर्नु हो, स्रोत साधनको अधिकतम उपयोग गर्नु पर्ने, शैक्षिक लगानी वृद्धि गर्नुपर्ने विचार राख्नुभएको छ ।

## २.३ शैक्षिक उपादेयता (Implication of the Review ):-

यसमाथि प्रस्तुत शोधपत्र बुलेटिन लेख तथा पुस्तक पुनरावलोकनले प्राथमिक विद्यालयमा हाल रहेको आर्थिक स्रोतको कारण व्यवस्थापन पक्षमा रहेको न्यून स्थिति र त्यसको शैक्षिक उपलब्धीमा परिरहेको प्रभाव, सरकारको सामुदायिक प्राथमिक तहलाई दिने सहायताहरुको स्थिति अनुदान दिने ढाँचाको प्रस्तुत नमुनाहरुद्वारा मैले सुरु गरेको लेखनलाई महत्वपूर्ण आधार प्राप्त भएको मूल्याङ्कन गर्दछु । यी साहित्यहरुको पुनरावलोकनबाट निचोडलाई हेर्दा प्राथमिक तहको व्यवस्थापनलाई पारदर्शि पार्न आर्थिक स्रोत संकलन गर्न प्रोत्साहन गर्न र प्राथमिक तहको शैक्षिक प्रगतिको मूल उद्देश्यलाई पूरा गर्न आर्थिक तत्वको अहम् भूमिका भएको साहित्यले प्रस्तुत गर्दछ । यी साहित्यहरुद्वारा विषयवस्तुलाई विस्तृत पार्न विषयकेन्द्रित तथ्यहरु जुटाउन सहयोग पुऱ्याएको मेरो मूल्याङ्कन छ । मेरो अध्ययनको लेखसँग मिल्दो यी लेखहरु अध्ययनको लागि मार्ग निर्देशन भएको कुरामा दुविधा छैन ।

# परिच्छेद : तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस शोधपत्रको सम्पूर्ण कार्य सम्पन्न गर्न प्राथमिक तथ्याङ्कलाई र द्वितीय तथ्याङ्कलाई आधार बनाइएको छ भने विषयवस्तुलाई तर्कपूर्ण पुष्टि गर्ने प्रयत्न समेत गरेको हुनाले यो अध्ययन परिमाणात्मक र गुणात्मक अनुसन्धान ढाँचाको संमिश्रण गरी सम्पन्न गरिएको छ । मुख्य प्रस्तुतिको अधार चाँही तथ्याङ्कहरुलाई नै बनाइएको छ । तथ्याङ्कको विश्लेषण मार्फत अध्ययनको उद्देश्यलाई समेट्न प्रयास गरिएको छ ।

## ३.२ नमुना छनौटको आधार

झापा जिल्लाको सतासीधाम गा.वि.स. अन्तर्गत पर्ने सार्वजनिक विद्यालयहरू जम्मा १४ वटा छन् । त्यसमध्ये ५ वटा प्राथमिक विद्यालयहरूलाई उद्देश्यपूर्ण नमुना छनौट (Purposive Sampling) गरी अध्ययनको लागि आधार विद्यालय तोकिएको छ । यी विद्यालयहरू यस गाउँ विकास समितिको अलग-अलग वडामा अवस्थित छन् । यी विद्यालयहरुमा आ-आफ्नो प्रकारको सामाजिक र क्षेत्रीय परिवेश रहेको छ ।

## ३.३ तथ्याङ्क संकलन प्रकृया

नमुना छनौट गरिसके पछि ती विद्यालयहरूमा उपस्थित भई विद्यालयका प्रधानाध्यापक मार्फत वि.व्या.स. का सदस्यहरू , शिक्षकहरू र अभिभावकसँग सम्पर्क गरी विषयवस्तुसँग सम्बन्धित प्रश्नावलीको आधारमा तथ्य संकलन गर्ने प्रयास गरिएको छ । जम्मा ५ वटा विद्यालयहरूमा निम्नानुसारको संख्यामा प्रत्येक विद्यालयमा ४ जनाका दरले २० जनासँग तथ्याङ्क संकलनका लागि संरचित प्रश्नावली संचालन गरिएको छ ।

तपसिलका प्रत्येक विद्यालयका एक जना प्रधानाध्यापक, एक विद्यालय व्यवस्थापन समितिका सदस्य, एकजना शिक्षक र एक जना अभिभावकका दरले ५ वटा विद्यालयका २० जनालाई संरचित प्रश्नावली, छलफल, अन्तर्वार्ता र अवलोकनलाई सहायक आधारहरू बनाई तथ्याङ्क संकलन गरिएको छ । प्रत्येक विद्यालयमा रहने सम्बन्धित पक्षलाई एकै प्रकारको प्रश्नावलीहरु प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.४ अनुसन्धानको साधनहरु

अनुसन्धानको तथ्याङ्क संकलन प्रयोजनका लागि प्रश्नावली, अन्तर्वार्ता, छलफल र रुजु सूची जस्ता औजारहरु प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्कका स्रोतहरू

अध्ययन सम्पन्न गर्नका लागि २ प्रकारका तथ्याङ्कहरू संकलन गर्ने स्रोतको प्रयोग गरिएको छ जुन यसप्रकार छ :

प्राथमिक स्रोत: आफै विद्यालयमा प्रत्यक्ष संलग्न रही सरोकारवाला व्यक्तिसँग विभिन्न औजार प्रयोग गरी संकलन गरिएका तथ्याङ्कलाई यस शोधपत्र निर्माणमा उपयोग गरी प्रस्तुत गरिएको छ ।

द्वितीय स्रोत : द्वितीय पत्रको रूपमा स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालय, पत्र पत्रिका, लेख, शोधपत्र र गैरसरकारी संस्थाहरूले तयार पारेको प्रतिवेदनबाट पनि तथ्याङ्कलाई पूर्ति गरी पूरा गरिएको छ । यस द्वितीय स्रोतले पनि एक महत्त्वपूर्ण स्रोतको रूपमा काम गर्न सहयोग पुऱ्याएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

प्राथमिक स्रोत तथा द्वितीय स्रोतको अव्यवस्थित अवस्थालाई व्यवस्थित रूपमा रूपान्तरण गरी विभिन्न प्रकारका प्रस्तुतिहरूको प्रयोग गरिएको छ । ती यसप्रकार छन् :

तालिकीकरण : विद्यालयका आय, व्ययका स्रोतहरूलाई तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

चित्रात्मक प्रस्तुती : स्तम्भ चित्र, वृत्त चित्र, प्रतिशत स्तम्भ, हिस्टोग्राम समेत प्रयोग गरी तथ्याङ्कलाई सरल र चुस्त बनाइने छ ।

गुणात्मक र परिमाणात्मक व्याख्या : तथ्याङ्क र प्रस्तुत चित्रलाई स्पष्ट पार्नलाई अर्थपूर्ण व्याख्या गर्दै पुस्टि गर्ने कार्य पूरा गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण

सामुदायिक प्राथमिक विद्यालयहरुको आर्थिक स्थिति र आयस्रोतको व्यवस्थापनको अवस्था र ती स्रोतहरुलाई उपयोग गर्ने तरिकाहरुलाई तथ्याङ्क संकलन गरी प्रस्तुत गर्नुपर्ने महत्वपूर्ण कार्य यस परिच्छेदमा सम्पन्न गरिन्छ । विभिन्न विद्यालयका आर्थिक पक्षहरुलाई प्रष्ट पार्न शव्दले मात्र पर्याप्त नहुने हुँदा तथ्याङ्कलाई प्रष्ट, तथ्यपूर्ण, आकर्षक र एकरुपताका साथ प्रस्तुती गर्नु अति आवश्यक हुन्छ । त्यसकारण तथ्याङ्कलाई तालिकीकरण, स्तम्भ, वृत्तचित्र, र चित्रात्मक प्रस्तुतीद्वारा उद्देश्यपूर्ण अध्ययन गर्न सजिलो हुने भएकाले यस परिच्छेदमा मैले संकलन गरेका तथ्याङ्कहरुलाई प्रदर्शन गर्दै बुँदागत व्याख्याद्वारा अध्ययनको लक्ष्यलाई पूरा गर्न कोसिस गरेको छु ।

### ४.१ प्राथमिक विद्यालयहरूको सामान्य स्थितिः

नेपालको प्राथमिक तहको संरचना कति कक्षासम्मको हुनुपर्दछ भन्ने सवालमा शिक्षासम्बन्धी समस्या समाधानका लागि गठित योजना आयोग र समितिहरूले क्रमैसँग नेपाल राष्ट्रिय शिक्षा योजना आयोग (२०११),ले कक्षा १-५ को संरचना बनाएको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजनाले सो तहलाई कक्षा १-३ को संरचनामा परिवर्तन गऱ्यो त्यसपश्चात राष्ट्रिय शिक्षा पद्धतिको योजनाको पूर्णविधि मूल्याङ्कन गरेपछि पाठ्यक्रम कार्यान्वयन योजना (२०३८) ले कक्षा १-३ को संरचनाद्वारा पूर्ण रूपमा प्राथमिक तह पूरा हुन नसक्ने ठहर गरी कक्षा (१-५)  को संरचना बनाउने निर्णय गऱ्यो र यसै तहलाई राष्ट्रिय शिक्षा आयोग (२०४९) ले जस्ताको तस्तै स्वीकार गऱ्यो र हालसम्म पनि यही संरचनामा प्राथमिक तह संचालित छ । यस तहलाई निःशुल्क बनाउने भन्ने नेपाल राष्ट्रिय शिक्षा योजना आयोग  (२०११)को प्रतिवेदनमा उल्लेख भए तापनि यो पूर्ण रूपमा निःशुल्क बनाउन सकिएको  देखिदैन । शिक्षा निःशुल्क हुनु भनेको जनतालाई राहत नबेहोर्ने वित्तिकै शिक्षा निःशुल्क हुन्छ भन्न सकिदैन । शिक्षा सरकारको दायित्व हो । यो विना लगानी प्राप्त गर्ने कुरा सम्भव छैन । यसको प्रतिफल तुरून्तै प्राप्त  हुँदैन । दीर्घकालमा यसको फाइदा प्राप्त हुन थाल्दछ तसर्थ  लगानी निरन्तर र स्थायी रूपमा हुनुपर्छ र यो लगानीको दर बढ्दो हुनु नितान्त आवश्यक छ ।

नेपालको शिक्षामा गरिएको खर्चको प्रतिशतलाई नियाल्दा तलबमा नै ८६ % बाँकी १४% अन्तर्गत पाठ्यपुस्तक, निर्माण, छात्रवृत्ति एकमुष्ट अनुदान र विविध पर्दछन् । सम्पूर्ण रूपमा सरकारको लगानी भनिएतापनि बालबालिकाको अप्रत्यक्ष लगानीका लागि सहभागी अभिभावक निश्चित रूपमा छन् । तथ्याङ्कले के बताउँदछ भने सरकारी अनुदान ८२%, स्थानीय निकायको ५% र बाँकी १३% रकम अन्तर्गत गैरसरकारी संस्था विद्यार्थी शुल्क र आफ्नै स्रोत पर्दछन् । नेपालमा अझै पनि ८०% जनसंख्या कृषिमा आधारित छ । ४०% कृषकको १५ कठ्ठा जग्गा छ । ६०% को त्यति मात्रामा समेत छैन । ४५% गरिबीको रेखामुनी रहेका छन् (नेपालमा शिक्षा, २००६) ।

कूल बजेटमध्ये नेपालमा लगानी गरिएको कूल शिक्षाको र प्राथमिक शिक्षामा गरिएको लगानीको मात्रा यसप्रकार छ :

शिक्षामा गरिएको लगानीको विवरण

तालिका नं.१

| साल | कूल शिक्षामा बजेट(अरब) | कूल शिक्षामा % बजेट | प्रा. तहको बजेट (अरब) मा | प्रा. शिक्षाको बजेट (प्रतिशत) मा |
|---|---|---|---|---|
| ०५३/०५४ | ७.७७ अरब | N A | ३.८३ | ४९.२९ |
| ०५४/०५५ | ८.११ | N A | ३.८८ | ४७.८२ |
| ०५५/०५६ | ८.७१ | N A | ४.२१ | ४८.२९ |
| ०५६/०५७ | १०.१८ | १३.१७ | ५.६१ | ५५.०३ |
| ०५७/०५८ | ११.७४ | १२.८२ | ६.५७ | ५५.९३ |
| ०५८/०५९ | १३.९४ | १४.१० | ७.७३ | ५५.३६ |
| ०५९/०६० | १४.८५ | १५ | ८.७९ | ५९.२० |
| ०६०/०६१ | १५.७४ | १५.१५ | ९.०३ | ५८.४० |
| ०६१/०६२ | N A | १६.१७ | १३.०७ | ५७.१० |
| ०६२/०६३ | N A | १६.७५ | १७.४९ | ५५.४९ |
| ०६३/०६४ | N A | १६.७८ | २२.७३ | ५८.०० |

(स्रोतः कान्तिपुर दैनिक (२०५९) चैत्र १९ र ०६२ श्रावण २ को साभार )

यो माथिको तालिका हेर्दा सरकारको तर्फबाट जुन लगानी भएको देखिन्छ । त्यो त्यति नराम्रो छैन यसलाई विचार गर्दा प्राथमिक शिक्षामा ५०% भन्दा बढी शिक्षाको बजेट लगानी गरिरहेको स्थिति छ तथापि असातित व्यवस्थापन गर्न भने सकिएको छैन ।

नेपालमा शैक्षिक क्षेत्रमा गरिएको लगानीको इतिहास शाहकालदेखि हालसम्म निरन्तर पाइन्छ वर्तमान अवस्थामा पनि प्राथमिक शिक्षामा ५५ प्रतिशत लगानी गरेको पाइन्छ यद्यपि हालसम्म सम्पूर्ण विद्यार्थीहरु विद्यालयमा आएर पढ्ने वातावरण बनीरहेको पाइदैन । यसमा EFA को धारणा बमोजिम सम्पूर्ण विकाशोन्मुख देशहरूले सन् २०२० सम्ममा २०% बजेट शिक्षामा लगानी गरी विचार पुऱ्याउनु पर्ने चिन्तन प्रकाशमा छ । हाम्रो जस्तो विकाशोन्मुख राष्ट्रको लागि विना शिक्षाको विकास अन्य कुराको कल्पना पनि गर्न गाह्ाे छ । यस अध्ययनमा म आफैले विद्यालयको आर्थिक स्रोतको स्थिति के कस्तो छ भनी विश्लेषण गर्न तपसिलका बुँदाहरूमा विद्यालयका सरोकार पक्षहरूसँग मन्तव्य संकलन गरी तालिकीकरण गरी प्रस्तुत गरेको छु ।

## ४.२ विद्यालयहरूको बार्षिक आम्दानीको विवरण

तालिका नं. २ : विद्यालयहरुको बार्षिक आम्दानी

| क.स. | विद्यालयको नाम | ०६४/०६५ को वार्षिक आम्दानी | आम्दानी प्रत्येक विद्यालयको% मा | अवस्था | संकेत वि. |
|---|---|---|---|---|---|
| १ | श्री जंग प्रा.वि., स-८ | ४,३१,२४६।१० | १७.३३% | मध्यम | A |
| २ | श्री शिव प्रा.वि.,स-७ | ३,४०,६६९।७० | १३.६९% | न्यून | B |
| ३ | श्री झरना प्रा.वि. स-६ | ४,६३,११७ | १८.६०% | मध्यम | C |
| ४ | श्री सरस्वती प्रा.वि. स-४ | ५,११,८०४।२० | २०.५६% | ठीकै(राम्रो) | D |
| ५ | श्री मैनाचरी प्रा.वि.स-९ | ७,४२,२०५।८९ | २९.८२% | धेरै राम्रो | E |
| | जम्मा | २४,८९,१०२।८९ | १००% | | |

स्रोत: लेखापरीक्षण प्रतिवेदनहरु (२०६५)


यो माथिको तालिकाअनुसार प्राथमिक तहमा विद्यालयलाई प्राप्त आर्थिक परिणामलाई हेर्दा अत्यन्तै न्यून रूपमा नै भएको पाइन्छ । ती विद्यालयहरुको वार्षिक आम्दानीलाई विश्लेषण गर्दा समान वितरणको सिद्धान्त अनुसार आम्दानी भएको देखिदैन त्यसमध्ये पनि  प्राथमिक विद्यालयको दरबन्दी र विद्यार्थी संख्या कै कारण आम्दानी फरक परेको पाइन्छ । त्यसमा पनि सरकारी आम्दानीले कुनै विद्यालयलाई टेवा पुग्ने गुन्जायस छैन् । यसबाट के प्रष्ट हुन्छ भने प्राथमिक विद्यालयहरुमा वितरित आर्थिक स्रोत र सुविधाहरु न्यायपूर्ण नभएको पाइन्छ । स्थानीय स्रोतको प्राप्तता पनि न्यून अवस्थामा रहेको छ ।

जसलाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

चित्र नं १ : विद्यालयहरुको अम्दानि प्रतिशत विवरण

संकेत

| | |
|---|---|
| A | श्री जङ्ग प्रा.वि. |
| B | श्री शिव प्रा.वि. |
| C | श्री झरना प्रा.वि. |
| D | श्री सरस्वती प्रा.वि. |
| E | श्री मैनाचरी प्रा.वि. |




अध्ययनका लागि तोकिएका ५ वटै विद्यालयहरूको आम्दानीलाई तुलना गरेर हेर्दा २०% विद्यालयको आय स्रोत , अन्य ८०% विद्यायलयको भन्दा राम्रो रहेको तथ्याङ्कले बताउँछ । प्रत्येक विद्यालयहरूको औषत आम्दानी १७% देखि १८% सम्म भएको पाइन्छ । २०% विद्यालयहरूको आर्थिक आम्दानीको स्रोत न्यून छ । ४०% विद्यालयहरुको स्थिति औषत भन्दा राम्रो छ । यसमा प्रत्यक्ष प्रभाव पार्ने तत्त्व भनेको दरबन्दीको कारण पनि यस्तो परिणाम भएको देखिन्छ ।

## ४.३ विद्यालयहरूको आर्थिक वर्ष २०६४/०६५ को आम्दानीको विवरण :

८० प्रतिशत विद्यालयहरुले बैकिङ्ग कारोबारमार्फत आर्थिक क्रियाकलाप गरिरहेको पाइन्छ । शिक्षक दरबन्दी संख्या बढी घटी भएर आर्थिक क्रियाकलाप पनि धेरै र थोरै भएको पाइन्छ । प्रशासनिक खर्च सबै प्राथमिक विद्यालयको समान भएको पाइन्छ । दलित र गरिब छात्रवृत्तिको रकमलाई एउटै शिर्षकमा जम्मा गरी देखाइएको पाइन्छ । २० प्रतिशत प्राथमिक विद्यालयहरुले सामुदायिक बन उपभोक्ता समूहबाट सहयोग प्राप्त गरिरहेको पाइन्छ । सम्पूर्ण विद्यालयहरुले आम्दानी अन्तर्गत प्रमाणपत्र शुल्क, सिफारिस शुल्क, नखप्ने सामान बिक्रीबाट प्राप्त आम्दानी, ब्याज र अभिभावक सहयोगलाई मुख्य आधार मानेको पाइन्छ । सांसद कोष, गा.वि.स.अनुदान, भैलो, चन्दामार्फत बाट २० प्रतिशत विद्यालयहरुले आम्दानी प्राप्त

गरिरहेको पाइन्छ । समाहित शिक्षा अन्तर्गत २० प्रतिशत विद्यालयहरुले रकम प्राप्त गरिरहेको पाइन्छ साथै विद्यालयको घाटा बजेटको कारणले आशा गरेबमोजिम विद्यालयमा रकम खर्च गर्न नसकिएको अवस्था पनि पाइन्छ। (हेर्नुहोस् अनुसुची २ )

## ४.४ गैरसरकारी स्रोत अथवा स्थानीय स्रोतबाट प्राप्त रकमको स्थिति

सार्वजनिक प्राथमिक विद्यालयहरुको स्थानीय आम्दानीका स्रोतहरुलाई निम्न अनुसारको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं : ३ विद्यालयको कुल आम्दानि

| **श्री जंग प्रा.वि.सतासीधाम-८**(A) | | |
|---|---|---|
| क.सं. | स्रोतको शीर्षक | रकम(रू) |
| १ | सामुदायिक वन उपभोक्ता समिति | १००००।- |
| २ | जग्गाको ठेक्काबाट | ६०५।- |
| ३ | विविध आम्दानी | २१८५।- |
| ४ | अन्य आम्दानी (सामानबाट) | ४४००।- |
| | जम्मा | १७१९०।- |

यस विद्यालयको आर्थिक संकलनबाट हुने रकमहरुमध्ये सबैभन्दा ठूलो रकम करीब ५८ प्रतिशत सामुदायिक वन उपभोक्ता समितिको सहयोगबाट देखिन्छ । जग्गा र विविध तथा अन्यबाट करीब ४० प्रतिशत रकम संकलन भएको पाइन्छ।

तालिका नं :४ विद्यालयको कुल आम्दानि

| **शिव प्रा.वि. सतासीधाम -७** (B) | | |
|---|---|---|
| क.सं. | शीर्षक (आम्दानी) | रकम (रू) |
| १ | सांसदकोषबाट सहयोग प्राप्त | ४०००।- |
| २ | गा.वि.स.बाट प्राप्त | ५०००।- |
| ३ | अभिभावक सहयोग | १४९०९।- |
| ४ | देउसी, भैलोबाट | ८७८२।- |
| | जम्मा | ३२६९१।- |

यस विद्यालयले सांसद विकास कोष, गा.वि.स., अभिभावक सहयोग र देउसी भैलोबाट रकमहरु प्राप्त गरेको पाइन्छ । सबैभन्दा ठूलो रकम करिब ४७ प्रतिशत अभिभावक सहयोगबाट प्राप्त गरेको पाइन्छ ।

तालिका नं :५ विद्यालयको कुल आम्दानि

| **झरना प्रा.वि.सतासीधाम -६(C)** | | |
|---|---|---|
| क्र.सं. | शीर्षक (आम्दानी) | रकम (रू) |
| १ | विद्यालयको लगानीकोषबाट | ४९००।- |
| २ | व्याजबाट | १२४००।- |
| ३ | परीक्षा,स्थानान्तरण, प्रमाणित, प्रवेश शुल्क | ४४२९।- |
| ४ | अन्य | १००।- |
| | जम्मा | ६५९२९।- |

यस विद्यालयको लगानीकोषबाट करिब ७५ प्रतिशत रकम संकलन भएको पाइन्छ । ब्याजबाट, परीक्षा, स्थानान्तरण, प्रमाण पत्र र अन्य गरी २५ प्रतिशत रकम संकलन गरिएको पाइन्छ ।

**सरस्वती प्रा.वि. सतासीधाम ४,** (D)

सम्पूर्ण आम्दानी रु १७८१।-

यस विद्यालयको स्थानीय आर्थिक स्रोत न्यून भएको पाइयो र यस विद्यालयले भवन, डेस्क बेञ्च मर्मत समेत गर्न आर्थिक अभावको कारण नसकेको पाइयो ।


तालिका नं :६ विद्यालयको कुल आम्दानि

| क्र.सं. | शीर्षक (आम्दानी) | रकम (रू) |
|---|---|---|
| १ | जर्मन अन्तर्राष्ट्रिय सहयोग संस्था (GTZ) | १४९९४५।- |
| २ | स्थानान्तरण पत्र | १०००।- |
| ३ | परीक्षा शुल्कबाट | १३९०।- |
| ४ | समाहित शिक्षाबाट | १००००।- |
| | जम्मा | १६२३३५।- |

यस विद्यालयको घेराबारा पूरा गर्न GTZ भन्ने संस्थाले सहयोग गरेको पाइयो र अन्य स्रोतहरु पनि उल्लेखनीय रुपमा रहेको पाइयो ।

स्थानीय आयको तालिकालाई वृत्तचित्रको माध्यमबाट प्रस्तुत गर्दा यस प्रकारको बनावट देखिन्छ ।

**चित्र नं २: विद्यालयहरुको आम्दानीको वृत्त चित्र**




यस चित्रबाट के स्पष्ट हुन्छ भने हाम्रो देशका प्राथमिक विद्यालयहरूको स्थानीय स्तरमा प्राप्त हुने आर्थिक स्रोतको स्थितिलाई विचार गर्दा समान वितरणको सिद्धान्तलाई सम्बोधन गरेको पाइदैन । जुन स्थानमा विद्यालय छ त्यस ठाउँमा संचालित संघसंस्था, दान गर्ने दाता, विद्यालयको लागि त्यागी बन्न चाहने अभिभावकको उपस्थितिले गर्दा नै ती विद्यालयहरूले प्राप्त गर्ने स्रोतमा फरक परेको पाइन्छ । २०% विद्यालयको आयस्तर उच्च रहेको र ६०% विद्यालयहरूको आयस्तर सामान्य मात्र रहेको र २०% विद्यालयमा अत्यन्तै न्यून स्थिति रहेको यस वृत्त चित्र चित्रमा देख्न सकिन्छ,(शर्मा, २०६५) ।

## ४.५ सार्वजनिक प्राथमिक विद्यालयहरूको भौतिक अवस्था :

तल उल्लेखित ५ वटा विद्यालयहरुको तथ्याङ्क संकलन गरी अध्ययन गर्दा तपसिलअनुसारको विवरण उल्लेख भएको पाइन्छ ।

तालिका नं :७ विद्यालयको भौतिक स्थितिको विवरण

| क.स. | विद्यायको नाम | जग्गा (कठ्ठामा) | भवन संख्या | कोठा | खानेपानी | ट्वाइलेटको व्यवस्था | अफिस कोठा | डेक्स बेञ्च |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जंग प्रा.वि. | ७.५ | ४ | ६+१ | कल १ | २ कोठा | सामान्य | ३५ सेट |
| २ | श्री शिव प्रा.वि. | ४.५ | ३ | ६ | कल १ | २ कोठा | सामान्य | ३० सेट |
| ३ | श्री झरना प्रा.वि. | ५ | ३ | ६ | कल १ | २ कोठा | न्यून | ४० सेट |
| ४ | श्री सरस्वती प्रा.वि. | २ | २ | ७ | कल १ | २ कोठे | न्यून | ३० सेट |
| ५ | श्री मैनाचरी प्रा.वि. | ३.५ | ३ | ८ | कल १ | २ कोठा | सामान्य | ६० सेट |

(स्रोत : विद्यालयहरुको लेखापरीक्षण प्रतिवेदनहरु, २०६५)

यो माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने विद्यालयको आयस्रोत कै अभावको कारण आसातित व्यवस्थापन गर्न सकिएको छैन । विद्यालयको स्थानीय स्थायी आयस्रोत नभएकाले पनि भौतिक स्थितिमा परिवर्तन ल्याउन नसकिएको अवस्था छ । कक्षाकोठा पनि जीर्ण अवस्थामा भएको देखिन्छ । कुनै विद्यालयमा घेराबारा कच्चा छ भने कुनै विद्यालयमा टिनको छाना भएको कारण कोठामा गर्मी महसुस हुन्छ । कोठाको आकार, हावाको परिवहन हुने ठाउँ र डेक्स बेञ्चको स्थिति सन्तोषजनक मान्न सकिदैन । अझै पनि विद्यालयको सम्पूर्ण क्रियाकलाप गर्ने स्थान, कोठाको पर्याप्तता र अतिरिक्त क्रियाकलाप गराउने खेल मैदानको अभाव नै रहेको महसुस हुन्छ । सम्पूर्ण सार्वजनिक प्राथमिक विद्यालयहरूको औषत जग्गा ४ कठ्ठा मात्र पाइन्छ ।

अधिकांश विद्यालयहरूमा शौचालयको व्यवस्था छ तर विद्यार्थी र शिक्षकको अलग अलग शौचालय भएको भने पाइएन । शिक्षक विद्यार्थीको एउटै शौचालय भएकाले पनि समस्या जन्मिएको पाइयो । समान अवसरको दृष्टिले हरेक विद्यालयमा एकैपटकमा ३ जनाले पिसाप गर्ने र २ जना सम्मले दिशा गर्ने ठाउँ हुन पर्ने देखिन्छ । खानेपानी व्यवस्थाको बारेमा कुरा

गर्दा प्रत्येक विद्यालय एक (१) मात्र ट्यूवेल भएको पाइन्छ । पर्याप्त ट्युवेलको अभावको कारण पिउने पानी प्रशस्त नभएको स्थिति छ । विद्यालयको शैक्षिक प्रशासन र स्टाफ बसाइको लागि पर्याप्त फर्निचर भएको कार्यालय कोठाको व्यवस्था भएको पाइएन । विद्यालयहरूमा शिक्षण कार्य सफल बनाउन अति आवश्यक शैक्षिक सामग्रीको पर्याप्तता भएको पाइदैन । शैक्षिक सामग्रीको खरिद योजना समेत भएको पाइएन । यी माथिका हरेक वस्तुस्थिति र विद्यालयको आर्थिक मात्राको पर्याप्तता बीच घनिष्ट सम्बन्ध हुँदाहुँदै पनि विद्यालयहरू आर्थिक स्रोत व्यवस्थापन र संकलनमा सक्रिय रहनु पर्ने अपरिहार्यता पाइन्छ ।

## ४.६ विद्यालयहरूको विद्यार्थी विवरण :


तालिका नं. ८ **विद्यार्थी विवरण**

| क्र.स. | विद्यालयको नाम | कक्षाहरू | | | | | जम्मा वि.सं. | वि.संख्या प्रति विद्यालय | विद्यार्थीको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | श्री जंग प्रा.वि. | ३५ | २५ | ३० | २० | २५ | १३५ | १५६ जना | १७.२६% |
| २ | श्री शिव प्रा.वि. | २६ | २४ | २० | २६ | २३ | ११९ | | १५.२१ % |
| ३ | श्री झरना प्रा.वि. | ३० | २५ | २८ | ३० | २५ | १३८ | | १७.६४ % |
| ४ | श्री सरस्वती प्रा.वि. | २० | २१ | २१ | १९ | १२ | १०३ | | १३.१७ % |
| ५ | श्री मैनाचरी प्रा.वि. | ९० | ५९ | ४५ | ५१ | ४२ | २८७ | | ३६.७०% |
| | जम्मा | २०१ | १५४ | १४४ | १४६ | १२७ | ७८२ | | १०० % |
| | औसत कक्षागत उपलब्धि | ४०.२ | ३०.८ | २८.८ | २९.२ | २५.४ | | | |

( स्रोत : लेखा परीक्षण प्रतिवेदनहरु, २०६५)

माथिको तालिकामा उल्लेखित विद्यार्थी संख्या हेर्दा प्रति विद्यालय विद्यार्थी संख्या १५६ जना भएकोले यसलाई औचित्यपूर्ण संख्या मानिन्छ । २०% विद्यालयको स्थिति विद्यार्थीसंख्याको दृष्टिकोणले सन्तोषजनक नै छ । बाँकी ८०% विद्यालयहरूमा विद्यार्थी संख्या अत्यन्तै न्यून भएको पाइन्छ । सम्पूर्ण विद्यार्थी संख्यामा एउटै विद्यालयले ३७% ( लगभग) विद्यार्थी संख्या ओगटेको तर अन्य ४ वटा विद्यालयले ६३% विद्यार्थी संख्या ओगटेको स्थिति त्यति उपयुक्त मान्न सकिदैन । यस तालिकाको विद्यार्थी संख्याको स्थितिलाई यस विद्यालयको आर्थिक स्थिति कै कारण पनि विद्यालयमा आकर्षित पार्न नसकेको हुनाले अझ न्यून अवस्था बन्दै जाने प्राय निश्चित देखिन्छ । संस्थागत विद्यालयहरुको अंग्रेजी विषयको आकर्षणले गर्दा दिनहुँ विद्यार्थी संख्या सार्वजनिक विद्यालयमा घटिरहेको हुनाले यस तर्फ ध्यान जानु आवश्यक छ ।

चित्र नं. ५ विद्यार्थी संख्या कक्षागत रूपमा (औसत)





माथिको स्तम्भचित्रले प्रत्येक विद्यालयहरूमा कक्षा १ मा विद्यार्थी संख्या केही बढी भएको र अन्य कक्षामा विद्यार्थी संख्या क्रमशः घट्दै गएको अवस्था पाइन्छ । हाल ती विद्यालयहरूको आर्थिक स्थिति कमजोर नभएको कारण नै उपयुक्त व्यवस्थापनको अभावले निजी विद्यालयतर्फ अभिभावकहरू आकर्षित हुँदै गइरहेको स्थिति छ । विद्यालयमा उपर्युक्त व्यवस्थापनको लागि प्रशस्त आर्थिक स्रोत संकलनमा सम्बन्धित पक्ष नलाग्ने हो भने भोली कसरी प्रतिस्पर्धामा उत्रन सकिन्छ यो अत्यन्त सोचनीय विषय बन्न लागेको स्थिति छ । विद्यार्थी संख्यालाई आशातित संख्या बनाउन शैक्षिक प्रशासकहरू योजनाकार र सरकारले समेत समय मै सचेत बन्नुपर्ने कुरा सम्बन्धित चित्रले बुझाउँछ ।

## ४.७ व्यवस्थापन समितिद्वारा पुऱ्याइएको योगदान

छनौट गरेका विद्यालयहरूका लागि व्यवस्थापन समितिका सदस्यहरूबाट सहयोग पुऱ्याउने दाताहरूको स्थितिलाई स्तम्भ चित्रबाट देखाइदा यस प्रकार छ :

चित्र नं. ३ दाताको सहयोगको शीर्षकहरु




माथिको स्तम्भ चित्रबाट प्राथमिक सामुदायि विद्यालयहरूलाई स्थापनार्थ वा संचालनार्थ योगदान गर्ने विद्यालय व्यवस्थापन समितिका सदस्यहरूबाट ५०% सदस्यले नगद र श्रमदान उच्च गरेको पाइन्छ भने ५०% सदस्यले जिन्सी र जग्गा प्रदान गरेर योगदान दिएको पाइन्छ ।

- प्राथमिक विद्यालयहरूलाई स्थानीयस्तरमा आर्थिक स्रोत समेत प्रदान गर्ने संघ संस्थाहरू तपसिल अनुसार भएको अवस्था छ :


सामुदायिक वन उपभोक्ता समूह, गा.वि.स., R.R.N., G.W.S., अभिभावक सहयोग, मसलन्द, समुदायमा विद्यालय हस्तान्तरण गरि लिँदा पाउने सहयोग, जग्गा भाडा, सांसद कोष, प्रमाण-पत्र हस्तान्तरण, चन्दा, श्रमदान

समाजमा विभिन्न संघसंस्थाहरु सञ्चालित हुन्छन् ती संघसंस्थाबाट प्राप्त सहयोगहरुको मिश्रणबाट विद्यालयहरुको आर्थिक स्थिति सुधार्न समायोजनको सिद्धान्त

(Adopation Theour) अपनाउनु पर्ने देखिन्छ । यो सिद्धान्तलाई Functional Theory मा आधारित सिद्धान्त पनि भनिन्छ । समाजका विभिन्न अङ्गहरुलाई समन्वयात्मक रुपमा काममा लगाएर समाजको सफलता र विकास गराउन सक्नु यसको आशय हो । विद्यालयले पनि यी माथिका अनेकौ शीर्षकहरुबाट प्राप्त रकमलाई संकलन गरी उचित परिचालन गर्न सके विद्यालयको व्यवस्थापनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गर्न सकिन्छ ।

- विद्यालयहरूलाई प्राप्त आर्थिक स्रोत पर्याप्तताको मात्र कति छ भन्ने प्रश्नमा वि.व्या.स.का. प्रतिनिधिबाट प्राप्त उत्तरलाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा यस प्रकार छ : यसमा एक विद्यार्थीको मतलाई पनि लिइएको छ ।

चित्र नं. ४ आर्थिक स्रोतको पर्याप्तताको मात्रा




यस स्तम्भ चित्रबाट के स्पष्ट हुन्छ भने सबै सामुदायिक प्राथमिक विद्यालयलाई प्राप्त भै रहेको आर्थिक स्रोतबाट पूर्ण सन्तुष्टि कुनै विद्यालय भएको पाइदैन । न्यून स्थिति भएको बताउने वि.व्य.स. का सदस्य ६०% र सामान्य सन्तोषजनक स्वीकार गर्ने २०% सदस्य र राम्रै भएको ठान्ने २०% सदस्य भएको पाइन्छ ।


- विद्यालयको आर्थिक स्रोत संकलनमा तपाईको भूमिका प्रति कति प्रतिशत सन्तुष्ट हुनुहुन्छ भन्ने प्रश्नको उत्तरमा निम्नानुसारको सन्तुष्टि तालिका प्रस्तुत गर्न सकिन्छ

तालिका नं. ९ विद्यालय व्यवस्थापन समितिको भुमिका

| विद्यालय व्यवस्थापन समिति संख्या | सन्तुष्टिको स्तर % मा (औषत) |
|---|---|
| ३ जना | ५०% |
| १ जना | ३०% |
| १ जना | ७०% |

यस तालिकालाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :


चित्र नं.६ विद्यालय व्यवस्थापन समिति सदस्य संख्या




विद्यालयका व्यवस्थापन समितिहरुले आर्थिक स्रोत संकलनमा वार्षिक रुपमा औसत तीस दिन समय खर्च गरेको पाइन्छ । सम्पूर्ण विद्यालयहरुले PTA को अध्यक्षको अध्यक्षतामा सामाजिक लेखा परीक्षण गर्ने गरिएको पाइन्छ । विद्यालयको आर्थिक कारोबारलाई आशा गरिएको मात्राको औसत ५५ प्रतिशत मात्र स्रोत संकलन गर्न सफल भएको पाइन्छ । विद्यालयको आर्थिक कारोबारलाई पारदर्शिताको दृष्टिले औसत ७० प्रतिशत सन्तुष्ट रुपमा कार्य सञ्चालन भएको विद्यालय व्यवस्थापन समितिका सदस्यबाट उत्तर प्राप्त भयो । स्थानीय स्तरमा सञ्चालित संघ संस्थाको प्राथमिक विद्यालयको व्यवस्थापनमा महत्वपूर्ण भूमिका छ भन्ने औसत ९० प्रतिशत सदस्यहरु पाइन्छ । वहाहरुबाट SIP र वार्षिक बजेटको बीच अन्तरसम्बन्ध भएको कुरा स्वीकार्नु भएको पाइन्छ ।

विगत वर्षको २०६५ को बजेट निर्माण र खर्च गर्ने शीर्षकको क्रममा एउटा महत्त्वपूर्ण उपलब्धीलाई यस  स्तम्भ चित्रबाट प्रस्ट पार्न खोजीएको छ :

चित्र नं.७ खर्च भएका शीर्षकहरुको मात्रा




यस स्तम्भ चित्रबाट के बुझिन्छ भने यस २०६४/०६५ सालको आर्थिक वर्ष भित्रमा ५ वटै विद्यालयहरूको औषतमा क्रमशः सबभन्दा बढी रकम हाता घेराको लागि खर्च गरिएको छ भने जग्गा खरिद कोठानिर्माण र ट्वाइलेट निर्माण र मर्मतमा खर्च गरिएको अवस्था छ । वास्तवमा विद्यालय भित्र स्वतन्त्र कार्यक्रम सञ्चालन गर्न हाताघेरा आवश्यक छ । कति विद्यालयहरू बाहिर प्रभावले विद्यालयमा समस्या उत्पन्न भएको कुरा स्वीकार गर्दछन ।

बालबालिकालाई एउटा घेराबारा भित्र राखेर शिक्षा दिनु स्वतन्त्रता हनन् गर्नु हो भन्ने गरेको पाइन्छ । विश्वमा Evan Elich, Poulo Freire, Reimer ले बालशिक्षा स्वतन्त्र वातावरणमा संचालन हुनुपर्ने कुरामा जोड दिएका छन् । उनीहरुले Deschooling Society, Oppressed People र School is Dead भन्ने भनाइबाट विद्यालयको घेराभित्रको शिक्षालाई स्वीकार गरिएको पाइदैन ।

विद्यालयको व्यवस्थापन सुधार्न समय अनुसारको प्रविधिलाई कार्यान्वयन गर्नु पर्दछ । OGBURN को प्रविधियुक्त सिद्धान्तले पनि यसै कुरालाई जोड दिन्छ । समाज तथा विद्यालयमा प्रविधिको प्रयोगबाट उत्पादन वृद्धि गर्न सकिने, कार्यमा आधुनिकीकरण ल्याउन सकिने र परम्परागत मुल्य मान्यतालाई परिवर्तन गरी नया मुल्य मान्यता र सिर्जना तयार गर्न सकिने भएकोले विद्यालयमा पनि यस दृष्टिकोणलाई अगाडी ल्याउन सकिन्छ ।

विद्यालयलाई प्रविधियुक्त बनाई व्यवस्थित कार्य सम्पादन गरेमा विद्यार्थीको गुणस्तरमा अभिवृद्धि गर्न सकिन्छ । यसको लागि आर्थिक तत्वले महत्वपूर्ण भूमिका खेल्दछ । त्यसकारण आर्थिक पक्षलाई संवेदनशील भई अगाडि लैजानुपर्ने देखिन्छ ।

विद्यालयहरूले जग्गा खरिद गरी हातालाई घेरा गर्नु प्रशंसनीय कुरा हो । जति बढी जग्गा विद्यालयको हुन्छ त्यति नै विद्यार्थीलाई अनेकौं प्रकारका क्रियाकलाप संचालन गर्न सहज हुन्छ । एकै पटकमा एकै समयमा सबै विद्यार्थी खेल्न सक्ने वातावरण भए अझ राम्रो हुने कुरा स्वीकार्य हुन सक्छ, (शर्मा,२०६३) ।

## ४.८ प्रधानाध्यापकको प्रतिक्रिया

अधिकतम प्रधानाध्यापकहरुको विचार अनुसार विद्यालय व्यवस्थापन सम्बन्धी कुनै प्रकारको तालिम नलिएको पाइन्छ । विद्यालय सुधार योजना निर्माण प्रक्रिया बारेमा अध्ययनका विद्यालयहरूका प्रधानाध्यापकबाट प्राप्त उत्तरअनुसार सबैले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ  र अभिभावकलाई संलग्न गराई कार्यक्रमको प्राथमिकता अनुसार छलफल गराइन्छ भन्ने उत्तर प्राप्त भयो ।


प्रधानाध्यापकको उत्तरअनुसार विद्यालयहरूले प्राप्त गर्ने स्रोतहरू मध्ये सरकारबाट प्राप्त स्रोतहरु  तलब, भत्ता, मसलन्द, गरिब र दलित छात्रवृत्ति, विद्यालय सुधार योजना वापत र निर्माण छन् भने स्थानीय स्तरबाट प्राप्त स्रोतहरु मध्ये सांसद कोष, गा.वि.स., जि.वि.स., सामुदायिक वन उपभोक्ता समूह, देउसी, अभिभावक सहयोग, प्रमाणित कागजातहरु, स्थानान्तरण प्रमाण पत्र, GWS, GTZ, RRN भएको पाइन्छ । विद्यालयको लागि प्राप्त शीर्षकअनुसारको रकमहरु सोही शीर्षकमा खर्च गरिएको छ भन्ने प्रधानाध्यापकहरु ६० प्रतिशत पाइयो भने केही शीर्षकमा फेरबदल गरिएको भन्ने प्रधानाध्यापकहरु ४० प्रतिशत पाइयो । प्राथमिक विद्यालयहरुका प्रधानाध्यापकहरुले सम्पूर्ण बजेटको औसत १५ प्रतिशत बजेट स्थानीय स्रोतबाट संकलन हुने गरेको कुरा बताउनुभयो । विद्यालयको आर्थिक स्रोत जुटाउन विद्यालय व्यवस्थापन समितिका सदस्य र शिक्षक अभिभावक संघका सदस्यहरुको भूमिका सामान्य रहेको कुरा प्रधानाध्यापकहरु स्वीकार्नु हुन्छ । हाल प्राप्त विद्यालयको आर्थिक स्रोतले विद्यालयको व्यवस्थापनमा २५ प्रतिशत मात्र पर्याप्तता भएको कुरा वहाहरुबाट प्राप्त उत्तरबाट पाइन्छ । विद्यालयको आर्थिक स्रोत संकलन गर्न के कस्ता निर्णयहरु गर्नु भएको छ भन्ने प्रश्नको सवालमा गाउ विकास समिति, जिल्ला विकास समिति, GWS, RRN र OMNI विकास योजनाहरुसग भवन घेराबार गर्न, फर्निचर निर्माण

गर्न, खानेपानी र पर्खाल निर्माण गर्न माग गरिएको छ भन्ने उत्तर पाइन्छ । विद्यालयको आर्थिक पारदर्शिताको औसत रुपमा व्यक्त गर्दा ९५ प्रतिशत पारदर्शी क्रियाकलाप भएको स्वीकार्नु हुन्छ । आर्थिक कार्य सम्पादनमा प्रधानाध्यापकको भूमिका ९० प्रतिशत प्रष्ट रहेको वहाहरुबाटै प्राप्त उत्तरमा पाइन्छ । आर्थिक पारदर्शिता ९५ प्रतिशत, सुचना प्रवाह ७० प्रतिशत र प्रधानाध्यापकको सक्रियता ७५ प्रतिशत मात्र भएको वहाहरुको उत्तरको औसतबाट निकाल्न सकिन्छ ।

## ४.९ विद्यालयका शिक्षकको प्रतिक्रिया :

विद्यालयका शिक्षकहरूलाई आर्थिक सहयोगको लागि माग गरिएको आर्थिक दान लिइएको स्थिति पाइन्छ । अधिकांश १०० % विद्यालयका शिक्षकले नगद सहयोग गरेको पाइन्छ तथा २०% एकाध शिक्षकले सामग्री तथा जिन्सी सामान प्रदान गरेको पाइन्छ । शिक्षकहरू विद्यालयको आय,व्यय त्यस सम्बन्धमा प्रसस्त जानकार रहेको पाइन्छ ।
विद्यालयको SIP निर्माण र बजेट निर्माणमा तपाईहरूलाई विद्यालयले संलग्न गरेको छ ? भन्ने प्रश्नको जानकारीमा निम्नानुसारको स्तम्भ चित्र बन्दछ :

चित्र नं. ८ SIP **निर्माणकार्यमा संलग्नताको मात्रा**)





सरकारी स्रोतबाट प्राप्त रकमलाई शीर्षक बमोजिम नै खर्च गरी राखेको छ/छैन भन्ने प्रश्नको उत्तरमा ६०% शिक्षकहरूले छैन र ४०% छ भन्ने उत्तरमा सहमति जनाउनु

भएको छ आर्थिक स्रोत संकलनमा शिक्षकको भूमिका पनि महत्त्वपूर्ण मानिन्छ । शिक्षकले पनि ३०% रकम संकलनमा भूमिका निर्वाह गरेको पाइन्छ । शिक्षकहरूले पनि विद्यालयको समस्या, कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्रीको बारेमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको कुरा स्पष्ट हुन आउँछ । शिक्षकहरूलाई SIP निर्माण प्रक्रिया र बजेट विनियोजन प्रक्रियामा संलग्न गरिएको  पाइन्छ । वहाँहरूको भनाइबाट SIP को बृहत् ५ वर्षे योजना र वार्षिक कार्ययोजना बीच तालमेल हुन नसकेको पाइन्छ । विद्यालयको खर्च गर्ने प्रक्रियाको बारेमा शिक्षकहरूको भनाईबाट के बुझिन्छ भने विद्यालय स्रोत खर्च गर्दा पूर्व निर्णय गरेर खर्च गर्नु पऱ्यो , खर्च तथा सार्वजनिक आर्थिक नियमावलीलाई ध्यान पुऱ्याउनुपर्छ । खर्च गराईमा पारदर्शिता र सार्वजनीकरण गर्नु नितान्त आवश्यक छ ।  विद्यालयको सर्वपक्षीय विकासमा आर्थिक तत्त्वको भूमिका अत्यन्तै गहिरो तथा घनिष्ट छ भन्ने विचार शिक्षक, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकहरुको  पाइन्छ । विद्यालयमा आर्थिक स्रोत संकलनमा, खर्च गर्ने प्रक्रियामा विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ, प्रधानाध्यापकलाई सक्रिय पार्नु पर्ने शिक्षकहरूलाई शैक्षिक गुणस्तरप्रति जवाफदेही बनाउनुपर्ने र आर्थिक परदर्शीता कायम गर्नु पर्ने सुझाव प्रधानाध्यापकद्वारा दिनु भएको पाइन्छ ।

४.९.१ अभिभावकहरूको आम्दानिको अवस्था

अभिभावकको वार्षिक आम्दानीलाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा यसप्रकारको अवस्था देखिन्छ

चित्र नं. ९विद्यालयहरुका अभिभावकहरुको आम्दानीको स्थिति



विद्यालयका अभिभावकहरुको आम्दानीको स्थितिलाई अध्ययन गर्दा न्यून आय हुने र मध्यम आय हुने अभिभावकहरु बढी भएको अवस्था पाइन्छ । सम्पन्न वर्गका अभिभावकहरुले आफ्ना छोराछोरीहरुलाई सम्पन्न संस्थागत विद्यालयहरुमा पढाइरहेको परिवेश छ । यसकारणले सम्पन्न अभिभावक र न्यून आय भएका अभिभावकहरुको आपसमा शिक्षाको बारेमा द्वन्द्व सिर्जना हुने स्थिति देखिन्छ। कार्ल मार्क्सको Class Struggle Theroy मा उल्लेख गरिएको Conflict जन्मने आधार भनेको गरिब र धनी वर्गबीचको खाडल नै हो । आर्थिक अवस्थाको कारणले लगानी गर्ने तत्परता उत्पादनमा स्वामित्व र पहुचको स्थिति फरक फरक हुने हुदा द्वन्द्व अझै चर्केर जान्छ । अन्ततः अभिभावकहरुको आयस्तर पनि समान हुनुपर्ने देखिन्छ।

प्राथमिक शिक्षामा अभिभावकहरूको वार्षिक खर्च औषतमा २६% गर्ने गरिएको पाइन्छ । जुन अत्यन्तै न्यून हो तथापी अवसर मूल्यको गणना भने गर्न सकिएको छैन । एउटा बच्चालाई १ वर्षमा उसको खानपिन, लुगा, औषधी , मनोरञ्जनको खर्चलाई मात्र जोडेर हुँदैन । वास्तवमा प्राथमिक तहका बच्चाको लागि अवसर मूल्यको खासै महत्त्व रहन्न । विद्यालयको आर्थिक अवस्था कस्तो अवस्थामा रहेको छ भन्ने प्रश्नको उत्तरमा न्यून स्थिति रहेको मत अभिभावकको रहेको पाइन्छ।

विद्यालयलाई आर्थिक स्रोत संकलनका लागि के उपायहरू राख्नु हुन्छ भन्ने प्रश्नको सवालमा वहाँहरूले विद्यालयलाई समुदायमा लैजाने, गा.वि.स., जि.वि.स. र सामुदायिक वन उपभोक्ता समितिमा आर्थिक माग गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थामा माग गर्ने, प्राकृतिक स्रोतसाधनमा रहेको अधिकारलाई प्रयोग गर्दै आर्थिक विनियोजन गर्ने, खोलाको बालुवा, माछा, पर्यटन, निकासीमा केही भाग छुट्याउन माग गर्ने बताउनुभयो । विद्यालयको आर्थिक क्रियाकलाप बारेमा सन्तुष्टिको मात्रालाई अभिभावकको भनाइबाट हेर्दा ६०% ले सामान्य सन्तुष्टि मानेको बाकी २०% ले अत्यन्तै राम्रो र २०% अभिभावकहरुबाट सन्तुष्ट नभएको जवाफ पाइन्छ । विद्यालयको आर्थिक कारोबार बारेमा वादविवाद हुन्छ हुदैन भन्ने सवालमा सबै अभिभावकले त्यति विवाद हुने नगरेको कुरा प्रस्ट पारेको पाइन्छ। SIP निर्माण प्रकृयामा अभिभावकहरूलाई वैठक बोलाएर निर्णय गर्ने गरिएको पनि पाइएन। अभिभावकको आफ्नो सुझाव राख्ने अवसर पनि दिएको पाइदैन ।

विद्यालयको आर्थिक स्रोत संकलन र खर्च बारे अभिभावकको धारणा

| स्रोत संकलन सम्बन्धमा | खर्च गर्ने सम्बन्धमा |
|---|---|
| - समुदायमा जिम्मा लिने | - निर्णय गरेर मात्र खर्च गर्ने |
| - गा.वि.स., जि.वि.स. सामुदायिक वन उपभोक्ता समितिमा माग गर्ने । | - खर्च अनिवार्य अनुमोदन गराउने । |
| - RRN,GTZ, GWS मा माग गर्ने | - खर्चको जानकारी अभिभावक भेलामा समेत गराउने । |
| - वैदेशिक संस्थामा, गैर सरकारी संस्थामा माग गर्ने । | - कुनै प्रकारको आर्थिक विवाद तुरून्तै समाधान गर्ने । |
| - चन्दा र सहयोग माग्ने | - खर्चको मात्रालाई घटाउने । |
| - श्रमदानको माग गर्ने । | - मितव्ययी र पारदर्शी कार्यमा जोड दिने । |
| - SIP लाई वचत गर्ने /खर्च घटाउने । | |
| - वि.व्य.स., PTA शिक्षक र अभिभावकहरूलाई स्रोत संकलनमा सक्रिय बनाउने । | |

(स्रोत : अन्तरवार्ता २०६५)

सम्पूर्ण अभिभावकद्वारा सामुदायिक प्राथमिक विद्यालयहरू सरकारको लगानीबाटै सञ्चालन हुनुपर्ने र प्राथमिक शिक्षा अपरिहार्य र आधारभूत शिक्षा भएकाले साथै न्यूनतम बाँच्नका लागि चाहिने शिक्षा पनि भएकाले यसलाई सरकारले सम्पूर्ण रूपमा जिम्मा लिएर सञ्चालनमा गर्नु पर्ने सुझाव दिनु भएको छ । विद्यालयलाई प्राप्त आम्दानीको र खर्च गर्ने प्रक्रिया, कार्यविधि अनुसार तथा सार्वजानिक खरिद ऐनको अधिनस्तमा रहेर खर्च गर्नुपर्ने कुरालाई उठाउनु भएको समेत पाइन्छ । विद्यालयको आर्थिक स्रोत संकलन र व्यवस्थापनको लागि जति सक्दो अभिभावकको सकृयता भै दिए राम्रो हुने थियो भन्ने सुझाव समेत पाइन्छ । विद्यालयहरूले लामोसमयपश्चात खर्च गरिएको शीर्षक र रकमको बारेमा स्मृतिमा नरहने भएकाले ६/६ महिनामा मध्यावधि र पूर्णावधि खर्च अनुमोदन गराउने र मूल्याङ्कन गराउनुपर्ने सुझाव समेत भएको पाइन्छ ।

४.९.२ विद्यालयको भौतिक पक्षको विश्लेषण जो अन्य विद्यालयको स्थिति सँग तुलनीय छ ।

विद्यालयहरुको भौतिक अवस्था (Physical Status Of Schools)

विद्यालयहरूको नाममा रहेको जग्गाको मात्रा पर्याप्त नभएको जसको कारण सम्पूर्ण विद्यार्थीलाई खेल्नका लागि अतिरिक्त कार्यक्रम संचालन गर्नका लागि समेत समस्या भएको महसुस गर्न सकिन्छ । औसतमा ४.५ कठ्ठा जग्गा मात्र भएका यी विद्यालयहरूले न्यूनतम १० कठ्ठा जग्गा भए उपर्युक्त हुने कुरा वहाँहरू सँगको छलफलको क्रममा बुझिएको छ । प्राथमिक विद्यालयको भवनको स्थिति अवलोकन गर्दा त्यहाँ पर्याप्त कक्षाकोठा र अन्य अति आवश्यक कोठाहरूको अपुग रहेको छ । शिक्षक कक्ष, स्टोर कक्ष, अफिस कक्षको व्यवस्था हुन सकेको छैन केही विद्यालयहरूमा कार्यालय कक्षमा नै विद्यार्थी राखेर पढाउने गरेको अवस्था छ । विद्यालयका विद्यार्थीको स्वास्थ्यमा प्रायः प्रभाव पार्ने खानेपानीको बारेमा चर्चा गर्दा हरेक विद्यालयहरूको स्थिति न्यून रहेको पाइन्छ । सानो ब्रेक र टिफिन समयमा १ वटा ट्यूवेलबाट सम्पूर्ण विद्यार्थीहरूले पानी खाने सम्भावना न्यून देखिन्छ । तसर्थ एउटा विद्यालयमा न्यूनतम एउटा टंकी र २ वटा कलको व्यवस्था हुने नितान्त आवश्यक छ । ट्यांकीमा पानी जम्मा गरी विद्यार्थीहरुलाई धेरै पानीको धारा जोडेर पानी पिउन सहज बनाउनुपर्ने देखिन्छ । विद्यालयको अर्को महत्त्वपूर्ण पक्ष चर्पीको व्यवस्था हो । प्रत्येक प्राथमिक विद्यालयमा ट्वाइलेटको स्थिति समस्यायुक्त नै छ । कम्तीमा शिक्षकको लागि २ कोठे र विद्यार्थीको लागि २ कोठे पिसाप फेर्ने सहित ४ कोठाको व्यवस्था हुनुपर्ने देखिन्छ । तर हालसम्म एउटामात्र चर्पीमा सम्पूर्ण विद्यार्थीले दिसापिसाब गरिरहेको स्थिति पाइन्छ । सबै विद्यालयहरूमा डेक्स बेञ्चको व्यवस्था पनि सन्तोषजनक छैन । एकातर्फ न्यूनतम संख्यामा रहेका डेक्सबेञ्च छन् भने अर्कोतर्फ उपयुक्त आकार र लम्बाइमा डेक्सबेञ्च पाइदैन ।

विद्यालयको भौतिक अवस्था परिवर्तन गर्न आर्थिक तत्व महत्वपूर्ण मानिन्छ । आर्थिक विकास बिना समाजका विभिन्न एकाईहरुको विकास सम्भव छैन । त्यसैले कार्ल मार्क्सको आर्थिक सिद्धान्तले यसै कुरालाई महत्व दिँदै विद्यालयको व्यवस्थापनलाई उचित ढङ्गले लैजान आर्थिक स्रोत संकलन कार्य नभए भौतिक रुपमा विद्यालयको अवस्था सुध्रिन सक्दैन । शिक्षाको समायोजन सिद्धान्त र प्रविधियुक्त सिद्धान्तहरुको सार भनेको हाम्रो वरपरका आर्थिक स्रोतका सम्भावित उपायहरु उपयोग गर्दै विद्यालयको भौतिक स्थितिमा सुधार गर्न अनिवार्य देखिन्छ ।

## ४.९.३ विद्यार्थीको विद्यालयमा अवस्था

विद्यार्थीहरूलाई नियालेर हेर्दा हरेक विद्यार्थी न्यून आर्थिक परिवारबाट आएको देखिन्छ । कति विद्यार्थीको ड्रेस, झोला, किताब खाताको स्थिति पनि न्यून भएको पाइन्छ । विद्यार्थीले टिफिन समयमा खाजा खान नपाएको पनि स्थिति छ । उनीहरूलाई प्रोत्साहन गर्ने अभिभावकमा दृष्टिकोण पनि छैन । लगभग ५०% बालबालिका कक्षामा न्यून स्थितिमा रहेको र २०% ले खाता, कलम समेत नबोकी कक्षामा आइरहेको स्थिति छ ।

जबसम्म विद्यार्थीले समयअनुसार खाजा खान पाउँदैन एकजोर लुगा र पढ्ने वातावरण बन्दैन तबसम्म उनीहरुलाई शिक्षा दिने कुरा समस्या बन्दछ । हाम्रो देशको अधिकांश आर्थिक अवस्था सम्पन्न भएका विद्यार्थीहरु संस्थागत विद्यालयमा पढिरहेको परिवेश छ भने न्यून र विपन्न अभिभावकका बालबालिकाहरु मात्र सरकारी विद्यालयमा पढीरहेको हालको स्थितिलाई नियाल्दा यो शैक्षिक उपलब्धी हाँसिल गर्न सन्तोषजनक अवस्था मान्न सकिदैन ।

## ४.९.४ विद्यालयका अभिभावकहरुको आर्थिक स्थिति

अभिभावकको आर्थिक अवस्था बारेमा ५ जना सँग सामान्य भेटघाट गरी अध्ययन गर्दा वहाँहरूको स्थिति अत्यन्तै कमजोर भएको देखिन्छ । वहाँहरूको आम्दानीको स्रोत पनि नभएको र दैनिक कामदार बनेर जीविका चलाउनुपर्ने स्थिति पाइन्छ । परिवारमा जम्मा ५ देखि ६ जनासम्म औसत सदस्य संख्या रहेको अवस्था र सबै परिवारलाई १ वा २ जनाको आम्दानीले पाल्नु पर्ने भएकाले उनीहरू राम्रोसँग पढ्न नसकिरहेको अवस्था छ । अर्को अर्थमा आश्रित जनसंख्या बढी भएको कारण परिवारको खर्च धान्न र राम्रो शैक्षिक वातावरण सिर्जना गर्न मुस्किल परिरहेको अवस्था छ ।

## ४.९.५ सरकारको सामुदायिक प्राथमिक विद्यालयहरुप्रति जवाफदेहिता

आजको विश्वको शिक्षाप्रतिको आकर्षणलाई मध्यनजर गर्दा हरेक देशको सरकारहरूले त्यसमा पनि विकासन्मुख देशहरूले समाजको विकासको निमित्त नभई नहुने अति आवश्यकीय आधारभूत जनशक्ति विकासको निमित्त प्राथमिक शिक्षालाई बढी जोड दिनु पर्ने मान्यता हामीले समेत अङ्गीकार गर्नु पर्ने देखिन्छ । हरेक प्राथमिक विद्यालयहरूलाई कसरी आर्थिक रूपले सक्षम बनाउन सकिन्छ र मात्र हामीले अपेक्षा गरे बमोजिमको उपलब्धी हाँसिल गर्न सकिन्छ भन्ने कुरा महत्त्वपूर्ण छ । शिक्षालाई आज हेर्ने दृष्टिकोण

फरक पार्नु पर्नेछ । सबैलाई शिक्षा तर्फ लगानी गर्न प्रोत्साहन गर्नु पर्दछ । प्राथमिक तह यस्तो तह हो जुन एक व्यक्तिलाई सामान्य रुपमा समाजमा बाँच्नसमेत आवश्यक पर्ने ज्ञान र सीप प्रदान गरिन्छ । यो सामाजिक प्राप्तिको हिसाबले हेर्दा सबभन्दा बढी उत्पादकत्व दिने तह हो । यस प्रति सरकार जिम्मेवार बन्नु पर्दछ । यस तहलाई पूरा गराउन सरकारले विभिन्न सुविधा र अनुदानहरु प्रदान गर्नुपर्ने देखिन्छ । यहाँसम्म कि चीन सरकारले प्राथमिक तहमा छोराछोरी भर्ना नगर्ने अभिभावकलाई हर्जना लिने गर्दछ । प्राथमिक शिक्षालाई अनिवार्य बनाउनु पर्दछ । फलस्वरुप आश्रित जनसंख्या घटेर जान्छ । अन्तत यसरी लगानी गर्दै गएमा शैक्षिक उपलब्धी उच्च रहने छ भन्ने कुरामा दुईमत रहन्न ।

# परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष तथा सुझाव

### ५.१ प्राप्ति र निष्कर्ष

(१) विद्यालयलाई प्राप्त हुने थप स्थानीय आम्दानीको स्रोतहरू मध्ये सामुदायिक वन उपभोक्ता समिति, ठेक्का, विवध, सामान बिक्री , सांसद कोष गाउ विकास समिति अभिभावक सहयोग, देउसी भैलो, प्रमाण पत्र , स्थानान्तरण शुल्क, परीक्षा शुल्क जिल्ला विकास समिति र गैर सरकारी संस्थाहरू पर्दछन् ।

(२) २०% प्राथमिक विद्यालयहरूले आर्थिक स्रोत संकलनमा प्रयास नगरेको र २०% विद्यालयहरूले आर्थिक स्रोत संकलनमा महत्त्वपूर्ण प्रयास गरी वाल (पक्की बेरा) सम्पन्न गर्ने गरिरहेको पाइन्छ । २०% विद्यालयहरूले न्यून स्तरको परिमाणमा आर्थिक संकलन गरेको र ४०% ले मध्यम स्तरको आर्थिक संकलन गरेको पाइन्छ ।

(३) सार्वजनिक प्राथमिक विद्यालयहरूले  आर्थिक स्रोतको मात्रा न्यून भएकै कारण सम्पूर्ण रूपमा व्यवस्थापन गर्न सकेको पाइएन । विद्यालयको भवन, कोठा, डेक्सबेञ्च, हावाको परिवहन, कालोपाटी, अफिसकोठा, स्टोर कोठा, खानेपानी, चर्पीको स्थितिलाई सोचेजस्तो अवस्थामा व्यवस्थापन गर्न सकिएको छैन ।

(४) प्रा. विद्यालयहरूको जमिनको मात्रा अत्यन्तै मात्रा अत्यन्तै न्यून भएको पाइन्छ । प्रत्येक विद्यालयहरूमा कम्तीमा १० कठ्ठा जमिन अनिवार्य आवश्यक छ । भवनले ओगटेको क्षेत्र बाहेक पनि ५/६ कठ्ठा खुल्ला मैदानको क्षेत्रफल हुनुपर्ने देखिन्छ । त्यो विद्यालयको तुलनात्मक रूपमा हेर्दा २०% विद्यायलयको भौतिक स्थिति स्वीकार्य भएको २०% को अत्यन्तै न्यून रहेको र अन्य ६० % विद्यालयको भौतिक स्थिति तथा जग्गाको स्थिति सामान्य औषत रहेको पाइन्छ ।

(५) सबै विद्यालयको कक्षागत विद्यार्थी संख्यालाई अध्ययन गर्दा औसतमा प्रति विद्यालय १५२ जना विद्यार्थी परेता पनि कक्षा १ को विद्यार्थी संख्या समान्यतया ठीकै छ । अथवा कक्षा १ देखि ५ सम्मको औसत विद्यर्थी संख्या क्रमशः ४०, ३०, २८, २९ र २५ जना प्रति विद्यालय रहेको पाइन्छ ।

(६) प्राथमिक विद्यालयका सरोकार पक्षहरूले विद्यालयलाई सहयोग गरेको अभिलेख र भनाइबाट निष्कर्ष निकाल्दा नगद, जिन्सी, जग्गा र श्रमदान मध्ये नगद र श्रमदानलाई बढी सहयोग शीर्षक अन्तर्गत राखेको पाइन्छ ।

(७) विद्यालयलाई प्राप्त हुने आर्थिक पर्याप्तताको मात्रालाई हेर्दा अधिकांश प्रतिशत न्यून भएको अवस्था विद्यालय व्यस्थापन समितिका सदस्यहरूले स्वीकार गरेको पाइन्छ ।

(८) विद्यालयको आर्थिक स्रोत संकलनमा विद्यालय व्यवस्थापन समितिको सदस्यहरूको सन्तुष्टीको मात्रालाई लगभग तथ्याङ्कमा ढालेर हेर्दा ५०% देखिन्छ । यसको अर्थ हो वि.व्या.स. हरूद्वारा पनि प्राथमिक विद्यालय व्यवस्थापनमा पूर्ण रूपमा लाग्न सकेको छैन । अन्तत यसको असर यस्तो छ कि विद्यालयमा स्रोतको सदैव अभाव छ । दैनिक खर्च मात्र जुटाउन विद्यालयलाई धौ-धौ परको स्थिति छ ।

(९) विद्यालयलाई वि.व्या.स. द्वारा स्रोत केन्द्र कार्य तथा आर्थिक स्रोत संकलन गर्ने कार्य तथा आर्थिक स्रोत संकलनसम्बन्धी कार्यक्रममा वार्षिक रूपमा २० दिन जति समय खर्च गर्ने गरेको प्रस्ट हुन्छ ।

(१०) विद्यालयलाई आर्थिक स्रोत संकलन कार्यमा आफू सक्रिय भएबमोजिम विद्यालयहरूलाई कुशल व्यवस्थापन गर्न औसतमा आधा अथवा ५५% सफल हुन सकिएको छ । बाँकी ५०% जति कार्य गर्न नसकिरहेको स्थिति छ भनी उत्तर पाइन्छ ।

(११) प्रत्येक विद्यालयहरूले विद्यालयमा प्राप्त स्रोतहरूलाई उचित व्यवस्थापन गर्न सक्षम हुन  नसकेको देखिन्छ ।

(१२) आर्थिक स्रोत संकलनको लागि सँधै विभिन्न संघसंस्था र व्यक्ति तथा दाताहरू समक्ष गुहार माग्नुपर्ने स्थिति प्राथमिक शिक्षामा हुनुहुदैन भन्ने वि.व्या.स. का प्रतिनिधिहरूको मत पाइन्छ । यसलाई पूर्ण रूपमा सरकारले सम्पूर्ण खर्च तथा व्यवस्थापन गर्न सहयोग गर्नु पर्ने माग छ । यसको कारण आज विद्यालयहरू न्यून अवस्थामा बाँचीरहेको र सम्पूर्ण सरकारी प्रा.वि.का विद्यार्थी निजी विद्यालयतर्फ आकर्षित हुँदै गएको परिवेश छ ।

(१३) विद्याहरूलाई प्राप्त हुने सरकारी स्रोत अन्तर्गत  तलब भत्ता, SIP सहयोग रकम, छात्रवृत्ति, मसलन्द मात्र हो अन्य भवन जग्गा सामग्री र विद्यालय प्रवर्द्धन खर्च चाँही जुटाउन गाह्रो  परेको अवस्था छ ।

(१४) विद्यालयको औसत उपलब्धिलाई दर ४५% मात्र पाइन्छ । विद्यार्थीहरूको प्रत्येक विषयमा प्रत्येक विद्यार्थीले प्राप्त गर्ने उपलब्धि न्यून रहेको पाइन्छ ।

(१५) प्रत्येक प्राथमिक तहका प्रधानाध्यापकहरूले व्यवस्थापन सम्बन्धी तालिम लिइएको पाइएन । जुन अत्यन्तै आवश्यक भएको महसुस हुन्छ ।

(१६) विद्यालयका प्र.अ.हरूद्वारा विधिवत रूपमा नै SIP निर्माण प्रक्रिया अपनाएको पाइन्छ र कार्यान्वयन पक्षमा फरक फरक अवस्था पाइन्छ । SIPको मूल मर्म सरोकार पक्षमा प्रबोधीकरण नभएको पाइन्छ ।

(१७) प्र.अ.हरूद्वारा विद्यालयलाई प्राप्त रकम तोकिएकै शीर्षकमा खर्च गरिएको छ तर कुनै बेला न्यून मात्रामा शीर्षक फेरबदल तथा रकम रकमान्तरण गरिएको जानकारी पाइयो ।

(१८) विद्यालयमा स्थनीय स्तरबाट औसतमा १५% रकम मात्र संकलन हुने गरेको कुरा सम्बन्धित सरोकार पक्षबाट स्वीकार गर्नुभएको पाइन्छ ।

(१९) विद्यालयलाई प्राप्त रकमले २५% भन्दा कम व्यवस्थापनका लागि पर्याप्त भएको स्वीकार गरिएको पाइन्छ ।

(२०) प्र.अ. तथा वि.व्या.स. हरूबाट ९०% जति मात्र विद्यालयमा पारदर्शिता भएको स्वीकार गर्नु हुन्छ । यसरी पारदर्शी बन्नु, जवाफदेही बन्नु र सूचना प्रवाह गर्नु पर्ने दायित्व सबैले स्वीकार गरिएको पाइन्छ ।

(२१) SIP को निर्माण प्रक्रियामा वि.व्या.स., शिक्षक अभिभावक संघ र शिक्षक विद्यार्थी अभिभावकको संयुक्त बैठक बसेर लक्ष्य तय गर्नु पर्ने कुरा सम्पूर्ण पक्षले स्वीकार गरेको पाइन्छ ।

(२२) विद्यालयको आर्थिक क्रियाकलापलाई जोड दिएर विद्यालयको शैक्षिक उपलब्धि बढाउनुपर्ने कुरा तर्फ सम्पूर्ण पक्ष केन्द्रीत हुनुपर्ने कुरालाई एकमतले स्वीकारेको पाइन्छ ।

(२३) विद्यालयका सरोकार पक्ष हरूले सदैव आ-आफ्नो पहिचानमा रहेका संघसंस्था, गैरसरकारी संस्था, अन्य व्यक्ति सँग सहयोगको माग निर्णय लैजानुपर्ने कुरामा सहमत देखिन्छन् ।

(२४) प्रत्येक विद्यालयका आर्थिक क्रियाकलाप पूर्ण सन्तोषजनक नरहेको अभिभावकहरूको भनाइ रहेको पाइन्छ ।

(२५) विद्यालयहरूले खर्च गर्ने प्रक्रिया अन्तर्गत निर्णय गरेर मात्र खर्च गर्नु पर्ने, अनुमोदन गर्नुपर्ने खर्चको बारेमा सार्वजनिक गर्नु पर्ने, मितव्ययीता अपनाउनु पर्ने, पारदर्शी प्रक्रिया प्रजातान्त्रिक तरिकाबाट खर्च गर्ने बानी बसाल्न सल्लाह दिनु भएको पाइन्छ ।

(२६) प्रा. विद्यालयहरूलाई आगामी दिनमा सरकारद्वारा नै सम्पूर्ण रूपमा जिम्मा लिनुपर्ने र असल निरीक्षक र निर्देशन मार्फत राम्रो व्यवस्थापनमा सुधारेर जानुपर्ने र आर्थिक

तत्वलाई मूल रक्त सञ्चारको रूपमा लिएर सार्वजनिक विद्यालयको सुधारमा लाग्नु पर्ने देखिन्छ ।

निष्कर्षमा भन्नु पर्दा प्राथमिक विद्यालयहरू जो समुदायमा संचालितहरू र सरकारको अनुदानमा संचालित छन् , अनेकौं शीर्षकबाट प्राप्त सहयोग रकमद्वारा पनि ती विद्यालय व्यवस्थित हुन सकिरहेको परिस्थिती देखिदैन तसर्थ सम्पूर्ण रूपमा विद्यालयहरूलाई सकेसम्म सरकारले जिम्मा लिएर चलाउनु पर्ने पाइन्छ, यदि यस्तो सम्भव नभए समुदायले जिम्मा लिएर यी विद्यालयको परिवर्तन गर्न सकिने स्थिति छैन । यी विद्यालयहरूलाई कनिका बाँडेजस्तो गरी न्यूनतम रकम प्रदान गर्ने र अत्यन्तै न्यून स्थितिमा रहेको हेरिरहने हो भने भोलिको दिनमा शिक्षक मात्र विद्यालयमा समाज र सरकार गैर जिम्मेवार बन्ने र शिक्षकलाई सुविधा साथ कार्यक्षेत्रमा सक्रिय संलग्न गराउनु पर्ने देखिन्छ । विद्यालयको भविष्य प्रतिको जवाफदेही हुने हो भने भोलिका दिनमा सबै सरोकारवालाहरुले अठोटका साथ प्राथमिक तहको शैक्षिक गुणस्तर उकास्न कसिएर लाग्नुपर्ने देखिन्छ । जीवन निर्वाहमुखी बनाउन सरकार तथा समाजका जिम्मेवार पक्ष पछाडि सर्नु हुँदैन स्थानीय क्षेत्रलाई मात्र विद्यालय जिम्मा लगाएर सामुदायिक विद्यालय व्यवस्थित हुने सम्भव छैन । अतः अन्तमा नयाँ शैक्षिक वातावरण बनाउन र विद्यार्थीको भविष्यप्रति जिम्मेवार बन्न सरोकार पक्षहरुलाई आर्थिक लगानी गर्न यस शोध प्रतिवेदन मार्फत म गम्भीर अनुरोधका साथ आह्वान पनि गर्न चाहन्छु ।

## ५.२ सुझावहरू (Recommendations)

सामुदायिक प्राथमिक विद्यालयहरूको आर्थिक स्थिति न्यून भएको कारण यस तहलाई माथि उठाउन र व्यवस्थापनलाई सुदृढ गर्न आर्थिक सहयोगको मात्रा वृद्धि गर्नु समुदाय र सरकारको जिम्मेवारी हो यसलाई प्राथमिकताका साथ लिनु पर्ने देखिन्छ ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूले पनि कमजोर प्रा.विद्यालयहरूलाई स्थिति अवलोकन गरी सहयोग उपलब्ध गराउनु पर्ने देखिन्छ । यी विद्यालयहरू आ-आफ्ना समस्या र प्राथमिकता क्षेत्र तोकेर बसीरहेका भएतापनि पूरा गर्न भने सकिरहेको अवस्था नभएकोले यसतर्फ बढी ध्यान जानुपर्ने देखिन्छ ।

प्राथमिक विद्यालयको व्यवस्थापन पक्षहरूले अर्थिक स्रोतका संभावित स्रोतहरू के के हुन सक्दछन पहिचान गर्ने र ती स्रोतहरूमा माग गर्ने र स्रोत उपलब्धता गर्न प्रयासरत रहने गर्नु उपर्युक्त हुन्छ ।

विद्यालयको SIP निर्माण गर्दा कार्यक्रमको प्राथमिकता क्षेत्र तोकेर मात्र जानुपर्ने, अन्धाधुन्द लगानी गर्दा त्यसको प्रभाव राम्रो नहुने भएकोले क्रमिक रुपमा कार्यक्रमलाई प्राथमिकता दिएर पूरा गर्नुपर्ने हुन्छ ।

प्राथमिक विद्यालयहरूको भौतिक अवस्थामा न्यून स्थिति देखिएकाले सुधार गर्न वान्छनीय छ तसर्थ भवन, जग्गा, खानेपानी चर्पीको व्यवस्था, डेक्सबेञ्च, शैक्षिक सामग्रीलाई मुख्यतया ध्यान पुऱ्याउनु पर्दछ ।

प्राथमिक विद्यालयहरुले सरकारी स्रोतलाई मात्र आम्दानीको आधार नबनाई स्थानीय स्रोतलाई पनि संकलन र उद्देश्यपूर्ण खर्च गर्ने तर्फ ध्यान दिनुपर्ने हुन्छ ।

विद्यार्थी संख्यालाई हेर्दा सानो कक्षामा भन्दा ठूलो कक्षामा क्रमशः घट्दै गएकाले सेवा, सुविधा वृद्धि गर्न सक्रियताका साथ विद्यार्थी वृद्धि गर्नुपर्ने देखिन्छ । त्यसको लागि भर्ना समयमा विभिन्न रणनीतिका साथ उत्रनु पर्ने देखिन्छ । यसका लागि आर्थिक ढिकुटी बलियो पार्न सक्रिय रहनु पर्दछ ।

प्रत्येक वर्ष विद्यालयका अभिभावकहरूबाट पनि न्यूनतम आर्थिक सहयोग पुऱ्याउनु पर्ने विद्यालयलाई सहयोग, चन्दा र जिन्सी सहयोग गर्न प्रोत्साहित गर्नु पर्दछ ।

विद्यालयको शैक्षिक तथा गुणस्तरमा अभिवृद्धि गरी समाजलाई विद्यालयप्रति सकारात्मक र सहज रूपमा सहयोग गर्ने बनाउनु पर्छ ।

विद्यालयको आर्थिक क्रियाकलाप संचालनको लागि प्र.अ. तथा शिक्षक र वि.व्या.स.लाई सामान्य प्रशिक्षण प्रदान गर्नु पर्दछ ।

विद्यालयको विद्यालय व्यवस्थापन समितिले कुन कार्यलाई पहिला र कति समयमा सम्पन्न गर्नुपर्ने हो प्राथमिकता तोक्नु पर्दछ ।

विद्यालयको आर्थिक पक्षलाई पारदर्शी र उत्तरदायी बनाउनुपर्ने जसको फलस्वरूप समाजका व्यक्तिहरू विद्यालयको सक्षमता तर्फ संवेदनशील बनी जानुपर्ने देखिन्छ । आज आएर हरेक समाजले संघसंस्थाको पारदर्शीता माथि औला उठाइरहेको परिवेश छ त्यसलाई ध्यान पुऱ्याउनु पर्दछ ।

विद्यालयको आर्थिक स्रोत समाजको व्यक्तिहरूको आर्थिक स्थितिमा निर्भर रहने हुनाले आर्थिक क्रियकलापमा सक्रिय रहन अभिभावकहरूलाई प्रोत्साहित गर्ने ।

विद्यालयको सरोकार र पक्षहरूबाट एक विश्वासिलो लेखा परीक्षण समिति निर्माण गरी एक शैक्षिक सत्र तथा आर्थिक वर्षको लेखा परीक्षण गराउने र त्यो सार्वजनिक गर्नु पर्दछ ।

न्यून आर्थिक स्रोत भएका परिवारका बालबालिकालाई प्रोत्साहन स्वरूप छात्रवृत्ति, छुट तथा सहयोग कार्यक्रम चलाउने जुन निजीस्तरबाट पनि हुन सक्छ । सो गर्न दाताहरुलाई प्रोत्साहित गर्नुपर्ने हुन्छ ।

सरकारी स्रोतको र स्थानीय स्रोतबाट प्राप्त रकमहरूको आर्थिक अभिलेख स्पष्टताका साथ राख्ने र राख्न लागाउनु पर्छ ।

विद्यालयमा शैक्षिक सामग्री र शिक्षकका रणनीतिलाई समय सापेक्ष परिवर्तन गर्दै सुधार्नु पर्दछ ।

जहाँ धैरै विद्यार्थी त्यहीं बढी अनुदानलाई सम्बोधन गर्न सक्रिय रहने विद्यार्थी संख्या वृद्धि गर्न अनेकौं उपायहरू अवलम्बन गर्नु पर्दछ ।

विद्यालयमा अंग्रेजी विषय थप गर्नुपर्ने, अन्य अतिरिक्त क्रियाकलाप लाई जोड दिनुपर्ने, खेल खेलाउनका लागि सामग्रीको पर्याप्तता कायम गर्न आर्थिक रुपले सम्पन्न बनाउनुपर्ने ।

विद्यालयहरूले खर्च अनुमोदन गर्नु पर्ने , सार्वजनिककरण गर्नु पर्ने र विद्यालयप्रति आम अभिभावकलाई आकर्षित गन पर्दछ ।

प्राथमिक विद्यालयको विद्यार्थीलाई साक्षर, सक्षम र सीपयुक्त बनाउन पर्याप्त उपाय अवलम्बन गरी Cost Benefit Analysis को माध्यमबाट लगानी बढाउनु पर्दछ ।

विद्यालयको शिक्षक विद्यार्थी अनुपात, विद्यालय विद्यार्थी अनुपातको राष्ट्रिय दरसँग प्रयासरत रहने बढी भएमा साधन स्रोतको लागि मात्र पर्दछ ।

।

## अनुसुची : १ नमुना प्राथमिक विद्यालयको नामावली

| क.सं. | विद्यालयको नाम र ठेगाना | प्रश्नोत्तरमा भाग लिने व्यक्तिको पद | नाम | योग्यता | ठेगाना | विद्यार्थीको नाम ( उत्तरदाता) | कक्षा |
|---|---|---|---|---|---|---|---|
| १ | श्री जंग प्राथमिक विद्यालय सतासीधाम-८ | अभिभावक<br>प्रधानाध्यापक<br>शिक्षक<br>विद्यलय व्यवस्थापन समिति | सोम प्रकाश वनेम<br>राम प्र. योङहाङ<br>माहालक्ष्मी दाहाल<br>गणेश मिश्र | साक्षर<br>आई.कम.<br>एस.एल.सी.<br>एस.एल.सी. | सतासीधाम-८<br>सतासीधाम-८<br>सतासीधाम-८<br>सतासीधाम-८ | दिलासा वनेम<br>-<br>-<br>- | ५<br>-<br>-<br>- |
| २ | श्री शिव प्रा.वि. सतासीधाम-७ | अभिभावक<br>प्रधानाध्यापक<br>शिक्षक<br>वि.व्या.स. | नीलकुमार खत्री<br>बासुदेव नेपाल<br>देवीमाया ढुङ्गेल<br>तिल ब. कटुवाल | साक्षर<br>एस.एल.सी<br>एस.एल.सी<br>साक्षर | सतासीधाम-७<br>सतासीधाम-७<br>सतासीधाम-७<br>सतासीधाम-७ | धनमाया खत्री<br>-<br>-<br>- | ४<br>-<br>-<br>- |
| ३ | श्री झरना प्रा.वि. सतासीधाम-६ | अभिभावक<br>प्रधानाध्यापक<br>शिक्षक<br>वि.व्या.स. | सीता दवाडी<br>मणिकुमार दाहाल<br>ज्ञानेन्द्र वि.क.<br>हरिप्रसाद चापागाईं | कक्षा १०<br>एस.एल.सी<br>एस.एल.सी<br>साक्षर | सतासीधाम-६<br>सतासीधाम-६<br>सतासीधाम-६<br>सतासीधाम-६ | विद्या सिग्देल<br>-<br>-<br>- | १<br>-<br>-<br>- |
| ४ | श्री सरस्वती प्रा.वि.सतासीधाम-४ | अभिभावक<br>प्रधानाध्यापक<br>शिक्षक<br>वि.व्या.स. | केदार भट्टराई<br>देवीबहादुर कार्की<br>डिल्लीराम खतिवडा<br>अनु लिम्बु | साक्षर<br>एस.एल.सी<br>एस.एल.सी<br>कक्षा १० | सतासीधाम-४<br>सतासीधाम-४<br>सतासीधाम-४<br>सतासीधाम-४ | रमेश भट्टराई<br>-<br>-<br>- | ५<br>-<br>-<br>- |
| ५ | श्री मैनाचरी प्रा.वि. सतासीधाम-९ | अभिभावक<br>प्रधानाध्यापक<br>शिक्षक<br>वि.व्या.स. | दिल ब. मगर<br>राम प्र. मण्डल<br>मित्र प्र. थापा<br>मिलन क्. | साक्षर<br>एस.एल.सी<br>एस.एल.सी<br>कक्षा ५ | सतासीधाम-९<br>सतासीधाम-९<br>सतासीधाम-९<br>सतासीधाम- | बिनु मगर<br>-<br>-<br>- | ५<br>-<br>-<br>- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | राई | | ९ | | |

# सामुदायिक प्राथमिक विद्यालयहरुमा आर्थिक स्रोत व्यवस्थापन प्रक्रिया

## अनुसुची : २ प्राथमिक विद्यालयहरुको आम्दानी विवरण

| क.स. | विद्यालयहरूको साझा आम्दानीका स्रोतहरू | विद्यालयको नामहरू: | | | | |
|---|---|---|---|---|---|---|
| | | जंग (A) | शिव(B) | झरना(C) | सरस्वती(D) | मैनाचरी(E) |
| १ | बैंक मौज्दात | ४७२९७ ।- | ३२८००।२०।- | ८४३८५।- | | १४९९४५।७ |
| २ | सरकारी निकासा(त.म. | २७६४७०।- | २४८९९८।- | २६३५९२।- | ४३५१०३।- | ४८०८ |
| ३ | सरकारी(SIP) अनुदान | ५३२७५।- | ४१६२६।- | | ३०८००।- | ६२७ |
| ४ | प्रशासनिक खर्च (मसलन्द) | ११००० ।- | ११००० ।- | ११००० ।- | ११००० ।- | १६९० |
| ५ | दलित छात्रवृत्ति | २५५००।- | (SIP) मा छ | | ११,५०० ।- | १८६० |
| ६ | सामुदायिक वन उ.स. | १०००० ।- | | | | |
| ७ | जग्गा ठेक्का बाट | ६०५।- | | | | |
| ८ | गत मौज्दातबाट | ५१४।५०।- | | | | |
| ९ | अन्य बचत | ४४००।- | | | १७१८ ।- | |
| १० | विविधबाट | २१३४।- | | १५९८ ।- | | |
| ११ | सांसदकोषबाट | | ४०००।- | | | |
| १२ | गा.वि.स. अनुदानबाट | | ५०००।- | | | |
| १३ | अभिभावक सहयोग | | १४९०९ ।- | | | |
| १४ | देउसी,भैलो कार्यक्रमबाट | | ८७८२।- | | | |
| १५ | प्र.अ. को नाममा नगद | | | ३८,२९१।- | | |
| १६ | विद्यालय लगानीकोषबाट | | | ४९०००।- | | |
| १७ | व्याज प्राप्त | | | १२४०० ।- | | |
| १८ | स्थानान्तर प्र. पत्र शुल्क | | | १२०० ।- | | १०० |
| १९ | परीक्षा | | | १६६६ ।- | | १३९ |
| २० | घाटा प्र.अ. तर्फ | | | | २०१८३।- | ३१०। |
| २१ | समाहित शिक्षा | | | | | १०५३ |
| | जम्मा | ४३१२४६।- | ३४०६६९।- | ४६३१७७।- | ५११८०४।२०।- | ७४२२ |

# सामुदायिक प्राथमिक विद्यालयहरुमा आर्थिक स्रोत व्यस्थपन प्रक्रिया

## अनुसूची : ३

## विद्यालयहरुको भौतिक तथा शैक्षिक स्थितिको विवरण

### A. श्री जंग प्राथमिक विद्यालय सतासीधाम -८ झापा

| | |
|---|---|
| १. जग्गा | ७ कठ्ठा १० धूर |
| २. भवन | ४ थान (टिनको छाना भएको) |
| ३. कोठा | ६+१ (७ वटा) |
| ४. खानेपानी ट्युवेल | १ थान |
| ५. ट्वाइलेट | २ कोठाको १ थान |
| ६. अफिस | सामान्य सजावट भएको |
| ७. डेक्सबेञ्च | ३५ जोडी |
| ८. फूलबारी बगैंचा | सामान्य रुपमा भएको |
| ९. शैक्षिक सामग्री | पर्याप्त नभएको |
| १०. शिक्षक दरबन्दी | ४ जना |
| ११. कर्मचारी | छैन |
| १२. निजि स्रोतको शिक्षक | २ जना |
| १३. विद्यार्थी संख्या | १३५ जना |

### B. श्री शिव प्राथमिक विद्यालय सतासीधाम-७ झापा

| | |
|---|---|
| १. जग्गा | ४ कठ्ठा १० धुर |
| २. भवन | ३ वटा (टिनको छाना भएको) |
| ३. कक्षाकोठा | ६ वटा |
| ४. ट्युवेल | १ थान |
| ५. ट्वाइलेट | २ कोठे १ थान |
| ६. अफिस कोठा | सामान्य सजावट भएको |
| ७. डेक्स बेञ्च | ४० जोडी |
| ८. फूलबारी बगैंचा | नभएको |
| ९. शैक्षिक सामग्री | पर्याप्त नभएको |

१०. शिक्षक दरबन्दी ४ वटा

११. कर्मचारी छैन

१२. विद्यार्थी संख्या ११९ जना

१३. निजी स्तरको शिक्षक २ जना

## C. श्री झरना प्रा.वि. सतासीधाम-६ झापा

१. जग्गा ५ कठ्ठा

२. भवन ३ थान

३. कोठा ५ थान

४. खानेपानी ट्युवेल १ थान

५. ट्वाइलेट दुईकोठे १ थान

६. डेक्सबेञ्च ४० जोडी

७. फूलबारी सामान्य रुपमा भएको

८. शैक्षिक सामग्री पर्याप्त नभएको

९. शिक्षक दरबन्दी ३ जना

१०. कर्मचारी छैन

११. निजी स्रोतको शिक्षक १ जना

१२. विद्यर्थी संख्या १३८ जना

## D. श्री सरस्वती प्राथमिक विद्यालय सतासीधाम- ४ झापा

१. जग्गा २ कठ्ठा (एककठ्ठा भर्खरै दान प्राप्त भएको)

२. भवन २ थान(टिनको छानो र पक्की बेरा भएको)

३. कक्षाकोठा ७ वटा

४. खानेपानी ट्युवेल १ थान

५. ट्वाइलेट २ कोठे १ थान

६. अफिस कोठा औसत सजावट भएको

७. डेक्स बेञ्च ३० जोडी

८. फूलबारी छैन (बाटोले सम्पूर्ण जग्गा ओगटेको)

९. शैक्षिक सामग्री पर्याप्त नभएको

१०. कम्पाउण्ड छैन

| | |
|---|---|
| ११. शिक्षक दरबन्दी | ५ जना |
| १२. कर्मचारी | १ जना |
| १३. निजी स्रोतकोशिक्षक | १ जना |
| १४. विद्यार्थी संख्या | १०३ जना |

## E. मैनाचरी प्रा.वि. सतासीधाम- ९ झापा

| | |
|---|---|
| १. जग्गा | ३ कठ्ठा १० धूर |
| २. भवन | ३ थान (टिनको छानो र पक्की बेरा भएको ) |
| ३. कक्षाकोठा | ८ वटा |
| ४. ट्युवेल | १ थान |
| ५. ट्वाइलेट | ३ कोठे १ थान( शिक्षकको अलग्गै भएको) |
| ६. फूलबारी | सामान्य भएको |
| ७. शैक्षिक सामग्री | पर्याप्त नभएको |
| ८. कम्पाउण्ड | उत्कृष्ठ भएको (पक्कीबेराको) |
| ९. शिक्षक दरबन्दी | ५ जना |
| १०. कर्मचारी | १जना |
| ११. विद्यार्थी संख्या | २८७ जना (सबैभन्दा बढी) |

# सन्दर्भ सामग्री(References)

Adhakari, Madhav(2004), A bulletin of NCED, Kathmandu,NCED.

Agrawal, Gobindaram(2084 A.D), Mobilization of resources of financing in higher education in Nepal, Kathmandu: M K Publisher .

Acharya, Susan & Mukundamani Khanal (2063), Financing of education, Kathmandu Nepal: Makalu Prakashan.

Bajracharya, Kanti Puhami, (2006), The Management Process of institutional &Community School, Kritipur, Un Published Thesis Dissertation Master Degree in EPM, TU, Nepal.

DEO(2065), Saichhik Samachar Aswin, Jhapa, DEO.

DEO(2065), Push, Paper, Saichhik Samachar, Jhapa, DEO.

Education Ministry(2063), At a glance, Kathmandu, Education Ministry, Nepal.

Gnawali, Mohan(2004), A Bulletin of NCED, Kathmandu, NCED .

Khanal, Pesal (2063), Financing of education, Kathmandu: Sunlight Publication.

Khanal, Sriprasad and Nawaraj Mudawary (2063), educational research, Kathmandu: Jupitar Publication.

Koirala, Biddhayanath and Chandra Bhadur Shrestha, EMOB, Kathmandu: Biddhathri Pustak Bhandar.

Kafle,Basudev and Yadav Guodel Sharma and Kisan Prasad Adhikari (2064), Kathmandu: Sunlight Publication.

Lamsal, Hariprasad (2065), Kathmandu: Sichhak Monthly fifth edition.

Poudel, Minraj (2062), A Study of economic sources and educational management in public school, Kritipur, TU, Kathmandu, unpublished Thesis Dissertation master  degree, EPM.

Sharma, Chiranjibi(2062), foundation of education, Bhotahiti Kathmandu Nepal: MK Publisher.

Sahrma and Sahrma (2063), educational technology and non-formal education, Kathmandu: Mk Publisher.

Sahrma, Gopinath(2062), Nepal ma Shikchha Ayoga ka Pratibedanharu, Kathmandu: Makalu Publication.

सामुदायिक प्राथमिक विद्यालयहरुमा आर्थिक स्रोत व्यवस्थापन प्रक्रिया

प्रधानाध्यापकको लागि अन्तर्वार्ता प्रश्नावली

सामुदायिक प्राथमिक विद्यालयहरुमा आर्थिक स्रोत व्यवस्थापन प्रक्रिया

शिक्षकको लागि अन्तर्वार्ता प्रश्नावली

सामुदायिक प्राथमिक विद्यालयहरुमा आर्थिक स्रोत व्यवस्थापन प्रक्रिया

विद्यालय व्यवस्थापन समितिका सदस्यका लागि अन्तर्वार्ता प्रश्नावली

सामुदायिक प्राथमिक विद्यालयहरुमा आर्थिक स्रोत व्यवस्थापन प्रक्रिया

अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली

सामुदायिक प्राथमिक विद्यालयहरुमा आर्थिक स्रोत व्यवस्थापन प्रक्रिया

अनुसूची